**सडक दुर्घटनाबाट बचौं र बचाऔं**

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं, ट्राफिक नियम पालना गरौं,
- जोखिमपूर्ण सडकमा सवारी चलाउँदा विशेष ध्यान दिऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खवर गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमितरुपमा मर्मतसम्भार गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी र अस्पतालमा सम्पर्क गरौं।

सावधानी अपनाऔं, बचौं र बचाऔं। नेपाल सरकार विज्ञापन बोर्ड



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



**मजदुर दैनिक विज्ञापन शाखा**

नगाँचा, कमलविनायक, भक्तपुर-९, फोन नं.९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**भाइबर नं.** : ९७४४४२४४६५

**Gmail :** majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : १५६ ★ ने. सं. ११४६ तछला थ्व, चतुर्दशी ★ आइतबार ★ १४ असार, २०८३ ★ June 28, 2026, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


## गैरदलीय स्थानीय तहको निर्वाचन गर्ने विषय अनुपयुक्त

भक्तपुर, १३ असार । नेपाल मजदुर किसान पार्टी कोसी प्रदेश समितिको आयोजनामा शनिबार अनलाइनमार्फत समसामयिक विषयमा प्रशिक्षण सम्पन्न भयो ।

कार्यक्रममा पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले अमेरिका र इरान युद्धमा अमेरिका ढलमलिएको विचार व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "इजरायल र अमेरिकी सरकारले इरानमाथि हमला गरी इरानलाई नष्ट गर्न चाहेका थिए । तर, इरानको पूर्वतयारीले अमेरिका र इजरायल फर्किनुपरेको हो ।"


अध्यक्ष बिजुक्छेँले आफ्नो पार्टीको धारणा सञ्चारमाध्यममार्फत समयसमयमा जनतालाई प्रस्ट पार्दै आएको जानकारी दिँदै अहिलेको सरकारलाई भोलि के हुन्छ भन्ने थाहा नभएकोले त्यसको परिणाम राम्रो नहुने बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामी हाम्रो देशप्रति बफादार हुनुपर्छ । जघन्य अपराध गर्ने र देशद्रोही काम गर्ने मान्छेलाई ज्यान सजायको बन्दोबस्त गर्नुपर्छ ।"

भदौ २३ र २४ गतेको उपद्रव विदेशीबाट सञ्चालित भएको बताउँदै उहाँले त्यसमा युवा विद्यार्थीलाई अगाडि मात्र सारिएको प्रस्ट्याउनुभयो ।

अध्यक्ष बिजुक्छेँले सरकारले गैरदलीय स्थानीय तहको निर्वाचन गर्नेलगायतका विषय उपयुक्त नभएको बताउँदै यसले देशमा अन्तर्द्वन्द्व निम्त्याउने खतरा बढ्ने विचार व्यक्त गर्नुभयो ।

पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, "रास्वपाको आर्थिक र वैदेशिक मामिला अघिल्ला सरकारहरूको जस्तै भएको सार्वजनिक संस्थानहरू केही व्यक्तिको हातमा बिक्री गर्ने, विदेशी ऋण र लगानी ल्याएर देशलाई नवउपनिवेश बनाउने हो । रास्वपाको विधानमा 'शोषणरहित समाज' उल्लेख गरिएको थियो । त्यो पञ्चायती भाषा थियो । 'शोषणरहित समाजको लागि वर्गीय समाज अन्त्य हुनु आवश्यक छ । रास्वपाको निर्वाचन वाचापत्रमा 'आर्थिक उदारीकरण' उल्लेख गरियो भने बजेटमा गोरखकाली रबर उद्योगसहित सात ओटा सरकारी उद्योग केही व्यक्तिको हातमा बिक्री गर्ने उल्लेख गरियो ।"




"रास्वपाको सरकारले नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल-भारत सन्धि, नेपाली युवालाई भाडाको सिपाही बनाउने गोर्खा भर्ती र नेपाललाई भारतको प्रान्तजस्तै बनाउने एमसीसी सम्झौता खारेज गर्नेबारे बोलेन, उल्टो नेपालले भारतको भूमि मिचेको छ भनी भारतीय विस्तारवादको सेवा गर्‍यो । यसअघि रास्वपाले दक्षिण एसियामा 'मोदी डक्ट्रिन' को वकालत गरेको थियो", सचिव सुवालले भन्नुभयो ।

भदौ २३ गते निहत्था जनताको हत्या गर्ने र भदौ २४ गते देशभरि आगजनी गर्ने अपराधीहरूलाई कारबाही गराउन जनता एक भएर उठ्नुपर्ने आवश्यक भएको उहाँले बताउनुभयो ।

## सिंहावलोकन
## राजनीतिमा एक शिक्षा हो

काठमाडौँ, १३ असार । अन्तर्राष्ट्रिय सहयोगी देशहरूको अनुकम्पा र जनतालाई राजनैतिक चेतना जगाएर नेपाललाई एक आत्मनिर्भर देश बनाउनुको सट्टा आफ्ना छोराछोरी र दिदीबहिनीहरू एवं युवाहरूलाई पढाइको नाममा अरबौँ डलर दिएर विदेशी बहुराष्ट्रिय कम्पनीहरूको शोषण र अन्याय र अत्याचारबाट पीडित बनाउने काम गरियो । अन्तर्राष्ट्रिय ज्यामी बेच्ने कम्पनीहरूमार्फत देशको कृषि अर्थतन्त्र र मित्रराष्ट्रहरूले दिएका कलकारखाना र सेवालाई कौडीको मोलमा निजीकरण गर्दै विदेशमा बेच्ने नीति लिइयो । विदेशी पुँजीका एजेन्ट, अर्थशास्त्री र अर्थमन्त्रीहरू अनि 'संवैधानिक समाजवाद' र 'प्रजातन्त्र' का हिमायती सरकारहरूले नेपाली जनतालाई टुहुरा-टुहुरी बनाउने काम गरे । साम्राज्यवादी र विस्तारवादीहरूको षड्यन्त्रलाई नेपाललाई सबै रोगको उपचार भन्दै पहिले भारतबाट ल्याएर बेचिने 'दर्दशान्ति तेल' जस्तै नेपालको बेचबिखनलाई सबै समस्याको समाधान बताइयो ।

नेपाली हरेक विषयमा परनिर्भर बन्दै गएको परिणामले देखायो - देशमै विदेशी विश्वविद्यालयका कलेजहरूलाई स्वीकृति दिँदै नेपाली विश्वविद्यालयका सबै शिक्षाविद् र प्राध्यापकहरूलाई विदेशी शिक्षाको लाचार छाया बनाइयो ।

प्रजातन्त्रको पुन:स्थापना र गणतान्त्रिक आन्दोलनबाट आएका सबै उपलब्धिहरूलाई राणा शासनकै बाँकी रहेका सामन्तहरूको सहयोगमा एक एक गरी भ्रष्टाचार र अनियमितता गरियो । ठुलो भड्खालोमा देशलाई डुबाउँदै जाँदा विदेशबाट जेन्जीको नाममा 'नयाँ पुस्ता' निर्यात गर्ने परिस्थिति तयार गर्दै हामी बहुमतको लोकप्रिय दलहरूको ठुलठुला धरोहर सम्झिने नेताहरूलाई २०८२ भदौ २३ र २४ को आगलागी र विध्वंशको अगुल्टोले मुछिँदै 'नेपाली सेनाको शरणमा पुग्यौँ । जुन कुरो 'प्रजातन्त्र', 'जनयुद्ध' र 'विद्रोहहरू' का दावेदार आजसम्म मानसिकरूपले राजनैतिक मुर्छामा छन् । अब के गर्ने भनी जङ्गलमा राति बाटो बिराएका बटुवाहरूझैँ पुराना दलहरूका नेता र कार्यकर्ताहरू रणभुल्लमा छन् !

अरूको बन्दोबस्तबाट विजयी बनाइएका रास्वपाको प्रथम महाधिवेशनको भद्रगोल र गञ्जागोलले सबैको आँखा खोल्ने काम गर्‍यो । शासनको घोडा चढ्नेहरू आफै रणभुल्लमा छन् - सिद्धान्त र सरकारको नाम के हो, थाहा छैन । नेपालभाषाको भनाइअनुसार भोजको भण्डार कोठामा भोकाएको कुकुर पस्दा खानेकुराको परिकार छान्दाछान्दै रित्तिँदै जाँड बनाउने भेगोटमा पुगी एकैछिनमा जाँड बनाउने 'पोको' खाँदै त्यहीँ थल्ला पर्‍यो भनेजस्तै रवि लामिछाने र बालेन साहलाई अर्थमन्त्रीले बिगार्नुबाहेक जोगाउनु धेरै टाढाको विषय हो ।

भन्ने गरिन्छ, बैङ्कको रकम र पुस्तकको ज्ञान तत्काललाई काम आउँदैन । विदेशमा पढेको अर्थशास्त्र नेपालमा उल्टो हुन्छ । अर्थमन्त्रीले हिजोका अर्थमन्त्रीले जस्तै देशलाई एकपछि अर्को पासोमा पार्नेछन् । यस रास्वपाको सरकारलाई पतन गराउन अर्थमन्त्री एक जना नै पर्याप्त छ ।

X X X

रास्वपाको पाइला गल्तीले पनि सही ठाउँमा टेक्ने छैन । जसरी नेका, नेपाल कम्युनिस्ट पार्टी (प्रचण्ड, माधव, झलनाथ आदि), एमाले, राप्रपा र मधेशवादी दलहरूले देशको डुङ्गा किनारा ल्याउन सकेनन् । किन ?

*बाँकी पृष्ठ ८ मा*

## व्यक्तिका अनुभव र योगदानलाई पुस्तकमार्फत अभिलेखीकरण गरिनुपर्ने




भक्तपुर, १३ असार । भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिले एक कार्यक्रमबिच वरिष्ठ शिक्षाविद् बाबा सरको योगदानसँग सम्बन्धित पुस्तक The Soul of Teaching पुस्तक विमोचन शनिबार गर्नुभयो ।

विद्या विकास आवासीय विद्यालयद्वारा आयोजना भएको 'बाबा सर विशेषाङ्क पुस्तक विमोचन गर्दै प्रमुख प्रजापतिले भक्तपुरमा अङ्ग्रेजी शिक्षाको आवश्यकता महसुस भएको समयमा स्थापित विद्यालयहरूमध्ये विद्या विकास स्कूलले पनि भक्तपुरको शैक्षिक विकासमा उल्लेखनीय भूमिका खेलेको स्मरण गर्नुभयो ।

नगर प्रमुख प्रजापतिले अङ्ग्रेजी शिक्षक बाबा सर अगाडि पुस्ताका आदर्श गुरु रहेको उल्लेख गर्दै राम्रो काम गर्ने व्यक्तिलाई समाजले सधैँ चिन्ने बताउनुभयो । उहाँले यस्ता व्यक्तिका अनुभव र योगदानलाई पुस्तकमार्फत अभिलेखीकरण गर्नु भावी पुस्ताका लागि मार्गनिर्देशक हुने बताउनुभयो ।

बाबा सरले नेपालभाषा सिक्ने प्रयास गर्नु प्रशंसनीय रहेको उल्लेख गर्दै भक्तपुरको शिक्षा विकासमा उहाँको महत्त्वपूर्ण योगदान रहेको बताउनुभयो ।


उहाँले नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले अघि सार्नुभएको 'एक घर, एक स्नातक' अभियानलाई भक्तपुर नगरपालिकाले कलेज सञ्चालनमार्फत सार्थक बनाएको उल्लेख गर्दै नगरपालिकाले दक्ष जनशक्ति उत्पादनमा महत्त्वपूर्ण भूमिका खेलेको र भक्तपुरलाई देशकै शैक्षिक गन्तव्यका रूपमा स्थापित गर्न योगदान पुर्‍याएको उहाँले बताउनुभयो ।


कार्यक्रममा प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले निजी क्षेत्रबाट सञ्चालित भक्तपुरका विद्यालयहरूले पनि शैक्षिक विकासमा महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै विद्यालयको थप प्रगति र उन्नतिको कामना गर्नुभयो । उहाँले बाबा सरले विद्यार्थीप्रति देखाएको माया, अङ्ग्रेजी शिक्षामा पुर्‍याएको योगदान तथा शिक्षण यात्रा प्रेरणादायी भएको बताउनुभयो ।

सांसद गोसाईले बाबा सर विद्यार्थीप्रति माया गर्ने, समर्पित र प्रेरणादायी शिक्षक भएको उल्लेख गर्दै

*बाँकी पृष्ठ ८ मा*

### व्यङ्ग्यचित्र कुनो





**घान्द्रुक गाउँ**
कास्कीको अन्नपूर्ण गाउँपालिका-११ स्थित प्रख्यात पर्यटकीय गाउँ घान्द्रुकका मौलिक घरहरू । घान्द्रुक नेपालकै चर्चित पर्यटकीय गन्तव्यस्थल हो ।
*तस्बिर: कृष्ण न्यौपान/रासस*

# केही स्थानमा मनसुन फैलिने सम्भावना
## कोशीमा भारी वर्षाको चेतावनी

काठमाडौँ, १३ असार । हाल कोशी, मधेश र बागमती प्रदेशका सम्पूर्ण क्षेत्र, गण्डकी प्रदेशको केही तथा लुम्बिनी प्रदेशको पूर्वी भेगका केही स्थानमा मनसुन वायुको प्रभाव रहेको छ ।

जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार बाँकी अन्य क्षेत्रमा पश्चिमी तथा स्थानीय वायुको आंशिक प्रभाव रहेको छ । गण्डकी र लुम्बिनी प्रदेशका बाँकी भेग तथा कर्णाली र सुदूरपश्चिम प्रदेशका सम्पूर्ण क्षेत्रमा आगामी चारदेखि पाँच दिनभित्र मनसुन विस्तार हुने सम्भावना छ ।

हाल देशका हिमाली तथा पहाडी क्षेत्रमा साधारणतया बादल लागेको छ भने तराई क्षेत्रमा आंशिक बादल लागेको छ । कोशी, बागमती र गण्डकी प्रदेशका एक-दुई स्थानमा मेघगर्जन तथा चट्याङसहित हल्का वर्षा भइरहेको छ ।

महाशाखाले शनिबार दिउँसो मुलुकका हिमाली तथा पहाडी क्षेत्रका साथै मधेश प्रदेश र कोशी प्रदेशको तराई क्षेत्रमा साधारणतया बादल लाग्ने बताएको छ । कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली तथा पहाडी क्षेत्रका केही स्थान तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली तथा पहाडी क्षेत्रका एक-दुई स्थानमा मध्यम वर्षा तथा उच्च हिमाली क्षेत्रमा हिमपातको सम्भावना छ ।

कोशी प्रदेशका तराई तथा मधेस प्रदेशका केही, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका तराईका एकदुई स्थानमा मेघगर्जन तथा चट्याङसहित मध्यम वर्षा हुन सक्ने महाशाखाले जनाएको छ ।

महाशाखाले लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका केही स्थानमा तातो हावा चल्ने सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ ।

यसैगरी, आज राति कोशी, मधेस, बागमती र गण्डकी प्रदेशमा साधारणतया बादल लाग्ने तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा आंशिक बादल लाग्ने पूर्वानुमान छ ।

कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली तथा पहाडी क्षेत्रका केही तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली तथा पहाडी भागका केही स्थानमा मेघगर्जन तथा चट्याङसहित मध्यम वर्षा तथा हिमपातको सम्भावना छ ।

कोशी प्रदेशका तराई तथा मधेस प्रदेशका केही स्थान, बागमती र गण्डकी प्रदेशका तराईका केही क्षेत्र तथा लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका एकदुई स्थानमा मेघगर्जन तथा चट्याङसहित मध्यम वर्षाको सम्भावना छ ।

साथै, महाशाखाले कोशी प्रदेशका पहाडी तथा तराईका एकदुई स्थानमा भारी वर्षा हुन सक्ने भएकाले त्यसबाट हुन सक्ने जोखिमप्रति सतर्क रहन महाशाखाले आग्रह गरेको छ । रासस

# काठमाडौँमा बर्डफ्लु बढ्दै
## एघार जिल्लाका ८२ स्थानमा सङ्क्रमण पुष्टि

ललितपुर, १३ असार । काठमाडौँ उपत्यकामा पछिल्लो तीन महिनायता देखिएको बर्डफ्लु (एच-फाइभ एन-वान) सङ्क्रमण हाल तीव्र रूपमा फैलिन थालेको छ । पशुसेवा विभागका अनुसार हालसम्म ११ जिल्लाका ८२ स्थानमा सङ्क्रमण पुष्टि भइसकेको छ भने रोग नियन्त्रणका लागि प्रभावित क्षेत्रमा विशेष सतर्कता अपनाइएको छ ।

विसं २०८२ चैत ४ गते मोरङमा पहिलोपटक बर्डफ्लु पुष्टि भएपछि झापा, सुनसरी, महोत्तरी, बारा, चितवन, नवलपरासी, काठमाडौँ, भक्तपुर, ललितपुर र काभ्रेपलाञ्चोकसम्म सङ्क्रमण फैलिएको हो ।

पशुसेवा विभागका महानिर्देशक डा. उमेश दाहालका अनुसार सङ्क्रमण नियन्त्रणका क्रममा हालसम्म पाँच लाख ६९ हजार ८५८ वटा पक्षी नष्ट गरिएको छ । त्यस्तै नौ लाख ८९ हजार ३१३ वटा अण्डा र एक हजार ९५४ दशमलव ८५ क्विन्टल दाना पनि नष्ट गरिएको उहाँले जानकारी दिनुभयो ।



रोग नियन्त्रणका लागि पशुसेवा विभागले उपमहानिर्देशकको नेतृत्वमा 'बर्डफ्लु रोग नियन्त्रण कक्ष' स्थापना गरी सङ्घ, प्रदेश र स्थानीय तहसँग समन्वय गर्दै प्रभावित क्षेत्रमा प्राविधिक टोली परिचालनसमेत गरेको छ ।

विभागका अनुसार हालसम्म कोशी प्रदेशका झापा, मोरङ र सुनसरीसँगै बारा, महोत्तरी, चितवन र नवलपरासीमा सङ्क्रमण नियन्त्रणमा आइसकेको छ । तर काठमाडौँ, ललितपुर, भक्तपुर तथा काभ्रेपलाञ्चोकका केही क्षेत्रमा सङ्क्रमण अझै देखिइरहेकाले विशेष निगरानी बढाइएको महानिर्देशक डा. दाहालले जानकारी दिनुभयो ।

सङ्क्रमित भाइरसमा कुनै आनुवंशिक परिवर्तन (म्युटेसन) भएको छ वा छैन भन्ने यकीन गर्न राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासँगको सहकार्यमा भाइरसको जिन अनुक्रमण प्रक्रिया पनि सुरु गरिएको विभागले जनाएको छ ।

विभागले पन्छीपालक किसानलाई फार्ममा जैविक सुरक्षा (बायोसेक्युरिटी) का मापदण्ड कडाइका साथ पालना गर्न, पुराना अण्डाका क्रेट पुनःप्रयोग नगर्न, ढुवानीका साधन पूर्ण रूपमा निसङ्क्रमण गरेर मात्र फार्मभित्र प्रवेश गराउन तथा जङ्गली पन्छीसँग घरपालुवा पन्छीको सम्पर्क हुन नदिन आग्रह गरेको छ ।

यसैगरी, पन्छी तथा पन्छीजन्य उत्पादनको ओसारपसार गर्दा अनिवार्य रूपमा भेटेरिनरी प्रमाणपत्र लिन, नियमित खोप लगाउन तथा कुनै फार्ममा अस्वाभाविक रूपमा धेरै पन्छी बिरामी वा मरेको देखिए तत्काल नजिकको पशुसेवा कार्यालयमा जानकारी गराउन विभागले अनुरोध गरेको छ । रासस

# अमेरिकाबाट फिर्ता ल्याइएको शाक्यमुनि
## बुद्धको प्राचीन मूर्ति पुनःस्थापना

काठमाडौँ, १३ असार । चोरले संयुक्त राज्य अमेरिका पुर्याएको १३ औँ शताब्दीको शाक्यमुनि बुद्धको प्रस्तर मूर्ति स्थानीय न्हुच्छेवहालमा विधिपूर्वक पुनःस्थापना गरिएको छ ।

काठमाडौँ महानगरपालिका, पुरातत्त्व विभाग तथा सम्पदा अभियन्तालगायतको समन्वयमा हालै त्यहाँ उक्त मूर्ति पुनःस्थापना गरिएको हो ।

पुरातत्त्व अधिकृत सरिता सुवेदीका अनुसार चोरी भएको उक्त मूर्ति अमेरिकामा फेला परेपछि पुरातत्त्व विभागले अमेरिकास्थित तिब्बत हाउस कलेक्सनसँग समन्वय गरी नेपाल फिर्ता ल्याएको हो । अमेरिकाको एक सङ्ग्रहालयमा रहेको मूर्ति सरकार, विभिन्न संस्था, विद्वान् तथा स्वदेशी-विदेशी सम्पदा अभियन्ताको सहकार्यमा नेपाल ल्याइएको थियो ।

शान्त र सौम्य भाव झल्किने उक्त मूर्ति १३ औँ शताब्दीमा निर्माण भएको मानिन्छ । पुरातात्त्विक तथा सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण मानिने यस सम्पदाले तत्कालीन कला, संस्कृति र मूर्तिकलाको उत्कृष्ट नमूना मानिन्छ ।

अन्तर्राष्ट्रिय कानुनअनुसार कुनै पनि मुलुकको सांस्कृतिक सम्पदा अन्य देशमा पुगेको अवस्थामा आवश्यक कानुनी प्रक्रिया पूरा गरी सम्बन्धित मुलुकमै फिर्ता गर्नुपर्ने व्यवस्था रहेकाले सोही प्रक्रियाअनुसार उक्त सम्पदा नेपाल ल्याइएको अधिकृत सुवेदीले बताउनुभयो ।

नेपालबाट चोरी भएका मूर्ति, कलावस्तु तथा अन्य सांस्कृतिक सम्पदा कुनै पनि मुलुकमा रहेको सूचना प्राप्त भएपछि पुरातत्त्व विभागले कूटनीतिक माध्यमबाट तिनलाई फिर्ता ल्याउने प्रक्रिया अघि बढाउने गरेको छ ।

विभिन्न देशका सङ्ग्रहालय, लिलामी घर वा निजी सङ्ग्रहमा रहेका नेपाली सम्पदा फिर्ता गराउँदा सम्बन्धित मुलुकले ढुवानी खर्च व्यहोर्ने व्यवस्था छ । सम्बन्धित देशमा नेपाली समुदाय तथा सम्पदा संरक्षणमा क्रियाशील सङ्घसंस्थाले पनि यसमा निरन्तर सहयोग गर्दै आएको जानकारी उहाँले दिनुभयो ।

काठमाडौँ उपत्यकामा मध्यकालीन समयमा निर्माण भएका काष्ठकला, मूर्तिकला, प्रस्तरकला तथा वास्तुकलाका उत्कृष्ट नमूना विभिन्न मठमन्दिरमा सुरक्षित छन् । यस्ता सम्पदाले तत्कालीन समाजको कला, संस्कृति तथा निर्माण शैलीको अध्ययनमा महत्त्वपूर्ण आधार प्रदान गर्दै आएका छन् । रासस

# ब्राइट स्टारको ३३ औँ वार्षिकोत्सव

भक्तपुर, १३ असार । ब्राइट स्टार इङलिस स्कूलको ३३ औँ वार्षिक उत्सव कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि एवं भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले शिक्षाको उद्देश्य असल नागरिक तयार गर्ने र सुसंस्कृत समाज बनाउने हुनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "भक्तपुरको पहिचानबारे नयाँ पुस्तालाई जानकारी गराउने उद्देश्यले भक्तपुरको चाड-पर्व, मौलिक ज्ञान तथा सीपलगायत भक्तपुरका अग्रजहरूको चिनारी स्थानीय पाठ्यक्रममा समावेश गरिएको छ ।"

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य इ. सुनिल दुवालले शिक्षासँग अतिरिक्त क्रियाकलापलाई पनि सँगसँगै लानु जरुरी छ भन्नुभयो ।

विद्यालयका संस्थापक पुष्पलाल सुजखुले भनपाले शिक्षकहरूको लागि नियमित तालिम सञ्चालन गर्नु जरुरी छ भन्नुभयो ।

कार्यक्रममा विद्यालयका प्रिन्सिपल राजेन्द्र सुजखू, अभिभावक प्रतिनिधि शिवजी हाकुदुवाल, रेश्मी हालेयो जोशीलगायत विद्यार्थी प्रतिनिधिहरूले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा सांस्कृतिक प्रस्तुति पनि देखाइएको थियो ।

# वैदेशिक रोजगारीको नाममा ठगी
## गरेको अभियोगमा पक्राउ

काठमाडौँ, १३ असार । आकर्षक वैदेशिक रोजगारीको प्रलोभन देखाएर ठगी गरेको अभियोगमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ ।

नेपाल प्रहरीको केन्द्रीय समाचारकक्षका अनुसार प्रहरीले बाराका गगनबहादुर स्याङतान, सर्लाहीका निर्जल बस्नेत र दाङका बलबहादुर चन्द ठकुरीलाई पक्राउ गरेको छ । पक्राउ परेकामध्ये गगन बहादुरले माल्दिभ्स पठाइदिन्छु भन्दै चार जनाबाट रु. चार लाख ३० हजार, निर्जलले मलेसिया पठाइदिन्छु भन्दै एकजनाबाट रु. तीन लाख ९० हजार र बल बहादुरले क्रोएसिया पठाइदिन्छु भन्दै एक जनाबाट रु. एक लाख  लिई सम्पर्कविहीन भएको पाइएको छ ।

पीडितको उजुरीका आधारमा काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरी टोलीले काठमाडौँ र ललितपुरबाट उनीहरूलाई पक्राउ गरेको हो । पक्राउमध्ये गगन बहादुरलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौँ पठाइएको छ भने निर्जल र बल बहादुरलाई वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौँ पठाइएको छ ।

# ऋण असुलीबाट तुलसी सहकारीका
## १५८ बचतकर्ताले पाए रकम फिर्ता

काठमाडौँ, १३ असार । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले तुलसी सहकारीका साना बचतकर्ताको बचत फिर्ता गरेको छ । समितिका अनुसार तुलसी सहकारीका १५८ जनाले बचत फिर्ता पाएका हुन् ।

सरकारले समस्याग्रस्त सहकारीको ऋण असुलीबाट प्राप्त भएको रकम पीडित बचतकर्तालाई फिर्ता गरिएको स्पष्ट पारेको छ । समितिका अनुसार पहिलो चरणमा थोरै बचत रकम भएका बचतकर्ताहरूलाई रकम फिर्ता गरिएको हो । यसरी क्रमशः बचतकर्ताको रकमका आधारमा वर्गीकरण गरेर रकम फिर्ता गरिने छ ।

समस्याग्रस्त सहकारी संस्थाहरूबाट ऋण असुली र सम्पत्ति व्यवस्थापनबाट प्राप्त रकमबाट सम्बन्धित सहकारीका बचतकर्ताहरूलाई बचत फिर्ता गर्ने कार्य प्रचलित कानुनी व्यवस्था बमोजिम निरन्तर रुपमा सञ्चालन भइरहेको छ । रासस

सङ्क्षिप्त समाचार

## मोरङमा चैते धानको उत्पादन वृद्धि, मूल्यमा गिरावट

बेलबारी (मोरङ), १३ असार । मोरङमा चैते धान उत्पादनमा वृद्धि भएको छ । गत वर्षभन्दा यस वर्ष दुई हजार १९६ मेट्रिकटन बढी धान उत्पादन भएको कृषि ज्ञान केन्द्र मोरङले जनाएको छ । चैते धानको उत्पादन बढेपनि मूल्यमा गिरावटका कारण किसानले जनाएका छन् ।

जिल्लामा गतवर्ष एक लाख एक हजार ३७४ दशमलव १० मेट्रिकटन धान उत्पादन भएकोमा यस वर्ष वृद्धि भई एक लाख तीन हजार ५७० दशमलव ६० मेट्रिकटन उत्पादन भएको कृषि ज्ञान केन्द्रका सूचना अधिकृत आदर्श सिंहले जानकारी दिनुभयो । गतवर्ष १७ हजार ७५५ हेक्टर जमिनमा चैते धान लगाइएकोमा यसपटक वृद्धि भई १७ हजार ८५७ हेक्टर पुगेको उहाँले बताउनुभयो । गत वर्ष ५ दशमलव ७१ उत्पादकत्व भएकोमा यसवर्ष वृद्धिभई ५ दशमलव ८० पुगेको हो ।

अघिल्लो साल चैते धानको मूल्य क्वीन्टल दुई हजार सात सयसम्म पुगेकोमा यस वर्ष घटेर क्वीन्टल दुई हजार सम्ममा भइरहेको रङ्गेली नगरपालिका-१ का किसान चन्द्र अधिकारी बताउनुहुन्छ । चैते धानले लगानी पनि नउठेको गुनासो गर्दै बेलबारी ९ नलबारीका किसान नरबहादुर कटुवालले भन्नुभयो "भण्डारणको समस्याले गर्दा पनि धान सस्तोमा बेच्नुपरेको छ, किसानको पहुचमा भण्डारण हुनेथियो भने यति सस्तोमा धान बेच्नुपर्ने थिएन ।"

कृषि ज्ञान केन्द्रका अनुसार १७ पालिकामध्ये सुन्दरहरैचा, बेलबारी, पथरीसनिश्चरे, उर्लाबारी, कानेपोखरी, रतुवामाई, सुनवर्षी, रङ्गेली र जहदाका किसानले विशेषगरी चैते धानको खेती गर्ने गरेका छन् । रासस

## 'फोर्स जीप' दुर्घटनामा आठ जना घाइते

त्रिवेणी (रुकुम पश्चिम), १३ असार । रुकुम पश्चिमको त्रिवेणी गाउँपालिका-६ डाँगीमोडस्थित राप्ती राजमार्गमा 'फोर्स जीप' दुर्घटना हुँदा चालकसहित आठ जना घाइते भएका छन् । शुक्रबार साँझ दाङको तुल्सीपुरबाट मुसिकोट खलङ्गातर्फ आउँदै गरेको लु २ ख ४९८० नम्बरको सो सवारी साधन अनियन्त्रित भई सडकमा पल्टिएको थियो ।

घाइतेको जिल्ला अस्पताल सल्लेमा उपचार भइरहेको र दुर्घटनासम्बन्धी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका सूचना अधिकारी प्रहरी निरीक्षक हेमन्त गिरीले जानकारी दिनुभयो । रासस

## एन्फाका पूर्वअध्यक्ष शेर्पा पक्राउ

काठमाडौं, १३ असार: नेपाल प्रहरीले अखिल नेपाल फुटबल सङ्घ (एन्फा) का पूर्वअध्यक्ष कर्मा छिरिङ शेर्पालाई पक्राउ गरेको छ ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को टोलीले ठगी तथा आपराधिक विश्वासघातसम्बन्धी कसुरमा अनुसन्धानका लागि शुक्रबार साँझ पक्राउ गरेको हो । ब्यूरोका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) अनुपम शमशेर जबराले हात्तीगौंडामा सञ्चालित टुङ्गराम ईन्टरनेशनल एकेडेमीको आठ करोड ७८ लाख ३० हजार रकम अपचलन गरेर आरोपमा अनुसन्धानका लागि पक्राउ गरिएको जानकारी दिनुभयो ।

विद्यालयको कार्यकारी प्रमुख भएर काम गर्दा शेर्पाले विभिन्न प्रपञ्च गरेर लाभ लिएको र विद्यालयलाई हानि पुऱ्याएको कसुरमा अनुसन्धान भइरहेको ब्यूरोले जनाएको छ । शेर्पाले विद्यालयलाई अनुचित हानि गर्ने नियतले डर, त्रास र अनुचित प्रभावमा पारेर भक्तपुरको दधिकोटमा रहेको २९ रोपनी चार आना जग्गा आफ्नो स्वामित्वको कम्पनीमा बेचेको अनुसन्धानका क्रममा पाइएको जनाइएको छ । रासस

## कारको ठक्करबाट दुई बालबालिकाको मृत्यु

तनहुँ, १३ असार । पृथ्वीराजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-२ मार्कीचोकमा कारको ठक्करबाट दुई बालबालिकाको मृत्यु भएको छ ।

भारतमा दर्ता भएको कारले ठक्कर दिँदा आँबुखैरेनी गाउँपालिका-२ निवासी छ वर्षीया सायना थापा र ५ वर्षीय उलियम थापाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले राससलाई जानकारी दिनुभयो ।

शुक्रबार अपराह्न विद्यालयबाट घर फर्किरहेका उनीहरूलाई कारले ठक्कर दिएको हो । गम्भीर घाइते भएका उनीहरूको उपचारका क्रममा चितवनमा शनिबार बिहान मृत्यु भएको हो । रासस

## लागूऔषधसहित १४ जना पक्राउ

काठमाडौं, १३ असार । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न स्थानबाट लागुऔषधसहित १४ जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार बाँकेबाट पाँच, मकवानपुरबाट तीन, कैलाली र दाङबाट दुई/दुई, सुनसरी र काठमाडौंबाट एक/एक जना पक्राउ परेका छन् । प्रहरीले उनीहरूका साथबाट लागुऔषध गाँजा, अफिम र खैरो हेरोइन तथा चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने ट्रामाडोल र स्पास्मो बरामद गरेको छ । रासस



**व्यावसायिक पिँडालु खेती**
बाँकेको डुडुवा गाउँपालिका-६ बल्दीपुरुवाका नन्दराम मौरियाले गर्नुभएको व्यावसायिक पिँडालु खेती । *तस्बिर : रुपनी जि एम/रासस*

## कास्कीमा धान रोपाइँ तीव्र

लेखनाथ (कास्की), १३ असार । अघिल्लो वर्षको तुलनामा यस वर्ष एक हप्ताअघि मनसुन सुरु भएपछि कास्कीका किसानले समयमै धानरोपाइँ गर्न पाएका छन् । जिल्लाका २६ हजार हेक्टर क्षेत्रफलमा धान खेती गरिँदै आइएको छ ।

जिल्ला कृषिविकास कार्यालयका कृषि प्रचारप्रसार अधिकृत रामकृष्ण अर्यालका अनुसार यहाँका चार पालिका र एक महानगरपालिका २६ हजार हेक्टर धानखेतमध्ये ४७ प्रतिशतमा धान रोपाइँ सकिएको हो । सिँचाइ कुलो लाग्ने खेतमा अधिकांश रोपाइँ भइसकेको उहाँले जानकारी दिनुभयो ।

गाउँका टारी खेतमा पानीका मूल अझै नफुटेका कारण रोपाइँ हुन सकेको छैन, अर्यालकाअनुसार दुई चार दिनलगातार वर्षा भयो भने टारी खेतमा पनि धान रोपाइँ हुन्छ । सिँचाइ भएका र धानका पकेट क्षेत्र मानिदै आएका फाँटहरू कुँडहर, शिशुवा, फेवाफाँट, विरुवा, सार्दीखोला, लाचोक, हेम्जा, सुइँखेत खुदी, भलाम, बुडुवा सातमुहाने देउराली, सुरौदी, अर्मला, आर्वा फाँट, मादीबेसी, मकैखोला, वेगनास तालबेसीजस्ता फाँटका अधिकांश किसानले धान रोपाइँ गरिसकेको अर्यालले बताउनुभयो ।

वार्षिक ८५ हजार मेक्टिकटन धान उत्पादन हुँदै आएको कास्कीमा बढीमात्रामा उन्नत जातका धानका बीउहरू रोप्ने गरिएको जानकारी उहाँले दिनुभयो । ती जातका धानबालीले बढी उत्पादन दिने भएपछि किसान उन्नतजातको धानप्रति आकर्षित हुने गरेका छन् ।

कास्कीमा रैथाने धान जेठोबुढो, गुर्दी, मन्सरा, अनदीबढी हुने गरेको भएपनि पछिल्ला वर्षमा त्यस्ता रैथाने धान कम लगाउने गरिएको पाइएको छ । अधिकांश किसानले उन्नत मनसुली, खुमल, रामधाम, सावित्रीजस्ता जातहरू लगाउँदै आएको जानकारी जिल्ला कृषि विकास कार्यालय कास्कीका प्रमुख सुदीप खतिवडाले दिनुभयो ।

कृषि विकास कार्यालयले सुधारिएको धानको बीउ किसानलाई अनुदान दिँदै आएको र यस वर्ष पनि उक्त बीउको लागि आठ लाख रुपैयाँ छुट्टिएको छ, श्रोत बीउ, औजार, उपकरण वितरण, भण्डारण र वर्गीकरण गर्ने गरेका छौं । कार्यालयले वार्षिक रूपमा उत्कृष्ट किसानलाई पुरस्कृत गर्दै आएको छ ।

पोखरा-२४ कास्की कोटका किसान जीवन सुवेदीले यस वर्ष बेलैमा धान रोपाइँ गर्न पाएकोमा खुसी व्यक्त गर्दै धानको उत्पादन बढ्ने आशा गर्नुभएको छ ।

रासायनिक मलमा कुनै पनि कृषि सहकारीले कालोकजारी गरी बढी मूल्यमा बिक्री नगरुन भनेर नै अनुगमन गरिरहेको जानकारी उहाँले दिनुभयो । पछिल्लो समय गोरुको सट्टा ट्याक्टरबाट खेत जोति रोपाइँ गर्ने भएकाले पनि एकैदिन धेरै क्षेत्रफलको जमिनमा धान रोपाइँ गर्न सकिने बताउनुभयो ।

समयमै मनुसन सुरु भएकाले र प्राकृतिक प्रकोप तथा कुनै रोग नलागेमा अघिल्लो वर्षको तुलनामा यस वर्ष कास्कीमा धानको उत्पादन बढ्ने अनुमान कृषि विकास कार्यालय कास्कीको छ । रासस

## अरनिको राजमार्ग असार २२ गतेदेखि १५ दिन राति बन्द गरिने

काभ्रेपलाञ्चोक, १३ असार । स्तरोन्नति भइरहेको अरनिको राजमार्गअन्तर्गत धुलिखेल-खावा सडकखण्डलाई तीव्रता दिन असार तेस्रो सातादेखि १५ दिन रातको समयमा सवारीसाधन आवागमनमा रोक लगाइने भएको छ । जिल्ला सुरक्षा समितिले उक्त सडकखण्डमा यही असार २२ गतेदेखि आगामी साउन ४ गतेसम्म रातको समयमा पूर्णत: सवारीसाधन आवागमन बन्द गरिने जनाएको हो ।

उक्त सडकखण्ड कालोपत्र गर्ने सम्बन्धमा उल्लेखित अवधिमा टिपर र मालवाहक ठूला ट्रकलाई पूर्णत: प्रवेशमा निषेध गर्ने तथा अन्य यात्रुवाहक तथा अन्य मालवाहक सवारीसाधनलाई बेलुका ७:०० बजेदेखि बिहान ५:०० बजेसम्म मात्रै प्रवेशमा रोक लगाउने निर्णय गरिएको समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले बताउनुभयो ।

उहाँका अनुसार आर्थिक वर्षको अन्त्यको समय भएकाले निर्माण सामग्री ढुवानी प्रभावित नहोस् भन्ने उद्देश्यले सडक निर्माण प्रक्रियालाई केही ढिलाइ गर्न लगाइएको हो । समितिले सडक निर्माणलाई सहजीकरण गर्न यात्रु तथा मालवाहक सवारीसाधनलाई सम्भव भएसम्म वैकल्पिक मार्ग प्रयोग गर्न सिफारिस गर्नेसमेत जनाएको छ ।

तोकिएको अवधिमा रातिको समयमा एम्बुलेन्ससहित अत्यावश्यक सेवाका सवारीसाधन भने पूर्ववत् सञ्चालन गर्न दिइने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी अधिकारीले जानकारी दिनुभयो । सवारीसाधन व्यवस्थापन तथा चालकलाई आवश्यक सहजीकरणका लागि जिल्ला प्रशासन कार्यालय काठमाडौं, भक्तपुर, दोलखा र सिन्धुपाल्चोकसँग समन्वय गरिने समितिले जनाएको छ ।

गत चैतमा करिब एक महिनाभर रातको समयमा पूर्णत: आवागमन बन्द तथा दिउँसो एकतर्फी सञ्चालन गरेर दुई दशमलव पाँच किमी सडक कालोपत्र (डिबिएम-पीच) को काम गरिएको थियो ।

## तीन महिनादेखि नि:शुल्क वितरण गरिने औषधिको अभाव

काँक्रेविहार (सुर्खेत), १३ असार । सल्यानका अस्पताल तथा स्वास्थ्य संस्थामा तीन महिनादेखि नि:शुल्क वितरण गरिने औषधिको अभाव भएको छ । यहाँका अस्पतालहरूमा उच्च रक्तचाप, मधुमेह, मानसिक रोग र परिवार नियोजनका औषधिको अभाव भएको हो ।

औषधि अभावका कारण दीर्घरोगी महँगोमा निजी मेडिकलबाट औषधि किन्न बाध्य भएका बिरामीले बताएका छन् । प्रदेश सरकारले अहिलेसम्म नि:शुल्क वितरण गरिने औषधि नपठाएपछि जिल्ला अस्पताल सल्यानसहित पालिकाका स्वास्थ्य संस्थामा दीर्घरोगीले प्रयोग गर्ने औषधिको अभाव भएको छ ।

कपुरकोट गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख सुवास हमालले पालिकाका सबै स्वास्थ्य संस्थामा उच्च रक्तचाप, मधुमेह, मानसिक रोग मात्र नभई परिवार नियोजनका लागि प्रयोग गरिने औषधिको अभाव भएको बताउनुभयो ।

दार्मा गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख यज्ञबहादुर बस्नेतले नि:शुल्क पाउने औषधि स्वास्थ्य संस्थामा नपाउँदा आर्थिक अवस्था कमजोर भएका नियमित सेवनबाट वञ्चित भएको बताउनुभयो । यो वर्षमा मात्र नभई प्रत्येक वर्ष औषधि ढिला पठाउँदा कहिले के त कहिले के औषधि अभाव भइरहने गरेको उहाँले बताउनुभयो ।

स्वास्थ्य सेवा कार्यालय सल्यानका प्रमुख डा. अर्जुन बुढामगरले प्रदेश सरकारले अस्पतालबाट नि:शुल्क वितरण गरिने ९८ प्रकारका औषधि पठाउनेमा यसपालि अहिलेसम्म नपठाएकाले उच्च रक्तचाप, मधुमेह, मानसिक रोगलगायत औषधिको अभाव भएको बताउनुभयो । अस्पतालमा उपचार गर्न आएका बिरामीलाई मेडिकल तथा अस्पतालको फार्मेसीबाट किन्न लगाउनुपरेको उहाँले बताउनुभयो । रासस

## ब्राउन सुगरसहित दुई जना पक्राउ

विराटनगर, १३ असार । कोशी प्रदेश प्रहरीको लागुऔषध विरुद्धको महाअभियानअन्तर्गत आज दुई जनालाई पक्राउ गरेको छ । पक्राउ परेकाहरूका साथबाट प्रहरीले चार ग्राम ११० मिलिग्राम ब्राउन सुगर र बेवारिसे अवस्थामा १२० किलो गाँजा बरामद गरेको छ ।

प्रहरीका अनुसार इलाका प्रहरी कार्यालय कुमरखोदबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका इलाम चुलाचुली गाउँपालिका-३ का २६ वर्षीय विवेक राईलाई दुई ग्राम ८२० मिलिग्राम ब्राउन सुगर र इलाका प्रहरी कार्यालय लौकही र जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको संयुक्त प्रहरी टोलीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका इटहरी उपमहानगरपालिका-१७ कान्छीचोकका २५ वर्षीय निशान कार्कीलाई एक ग्राम २९० मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरेको हो ।

त्यस्तै, कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरबाट खटिएको टोली र अस्थायी प्रहरी पोस्ट जोरसखुवाबाट खटिएको संयुक्त प्रहरी टोलीले धरान उपमहानगरपालिका-२० च्यानडाँडा सिरान सामुदायिक वन क्षेत्रबाट बेवारिसे अवस्थामा कालो प्लास्टिकमा प्याक गरिएको १२० केजी गाँजा बरामद गरेको कोशी प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं वरिष्ठ प्रहरी उपरीक्षक योगेन्द्रसिंह थापाले जानकारी दिनुभयो ।

। सम्पादकीय ।

# पार्टी एकता सिद्धान्त र विचारको आधारमा हुनुपर्ने

कुनै पनि राजनीतिक दलको एकता सिद्धान्त र विचारको आधारमा हुन्छ, हुनुपर्छ । सिद्धान्त र विचार नमिले पनि निर्वाचनमा जित्न, ठुलो दल बनाउन पार्टी एकता गर्ने होइन; पद र नेतृत्वमा पुग्नको निम्ति पार्टी एकता गर्ने होइन । संसद्मा अधिक सङ्ख्या हारेको र अब हुने स्थानीय तहको निर्वाचनमा बढीभन्दा बढी जनप्रतिनिधिहरू निर्वाचित गर्न र गराउनको निम्ति हुने पार्टी एकता सैद्धान्तिक र वैचारिक एकता हुनेछैन । वाम भनिने नेताहरू कुनै एउटा कार्यक्रममा सरिक हुँदैमा वाम एकता हुने होइन । कुनै मञ्चमा वाम एकताको प्रसङ्ग उठाउँदैमा तत्कालै एकता हुने होइन । एकातिर नेपाल कम्युनिस्ट पार्टी वा संयोजक पुष्पकमल दाहाल जीवनकै अन्तिम क्रम भङ्ग गरेर पनि वाम एकता अघि बढाउँछु भनी खोकिरहेका छन् भने अर्कोतिर सोही पार्टीका सहसंयोजक माधवकुमार नेपाल हाल एमालेसँग कुनै हालतमा एकीकरण हुनेछैन भनी बखान गरिरहेका छन् ।

केही वर्षअघि एउटै पार्टीबाट विभाजित भएका एमाले र नेकपाबिच फेरि कार्यगत एकता केको आधारमा हुने हो ? हिजो पार्टी फुट्दा समाजवादी क्रान्तिको निम्ति एक्लै अघि बढ्ने उद्घोष गर्ने नेताहरू आज तिनै दलका शीर्ष' नेतासँग एकताको कुरा फुक्दै छन् । विगतमा एमालेबाटै माओवादी र एकीकृत समाजवादी पार्टी फुटेको थियो । त्यसबेला किन फुट्नुपऱ्यो र अहिले किन जुट्नुपऱ्यो ? जुट्ने-फुट्ने र फुट्ने-जुट्ने बारम्बार भएपछि कम्युनिस्ट भनिने पार्टीलाई जनताले कसरी विश्वास गर्छन् ? विश्व सर्वहारावर्गका नेता मार्क्सले 'सिद्धान्तहीन एकताभन्दा फूट भन् राम्रो' त्यसै भनेका होइनन् । अहिले प्रतिनिधिसभामा नेकाको ३८, एमालेको २५ र नेकपाको १७ सांसद निर्वाचित भएका थिए । यो सङ्ख्या विगतको तुलनामा धेरै कम हो । २०७४ सालमा ओली र दाहालबिच सहकार्य भएको थियो । त्यसबेला निर्वाचनमा सो पक्षले करिब दुईतिहाइ मत पाएको थियो । तर, त्यो गठजोड २ वर्ष १० महिनामात्र टिक्यो । पछि पार्टी तीन फ्याक भयो ।

असार १३ गते प्रकाशित 'कान्तिपुर' दैनिकमा लेखियो, फेरि किन नजिकिँदै छन् ओली र दाहाल ? 'नयाँ पत्रिकामा लेखियो, 'कार्यगत एकतातर्फ नजिकिँदै एमाले-नेका', 'अन्नपूर्ण पोस्ट' दैनिकमा लेखियो, 'एउटै मञ्चमा देखिँदै छन् ओली-दाहाल ।' मूल कुरा वाम भनिने दलहरू साँच्चै कम्युनिस्ट हुनुपऱ्यो । कम्युनिस्ट पार्टीको सिद्धान्त र विचार अँगाल्नुपऱ्यो । त्यो सिद्धान्त र विचारअनुसार राजनीति गर्नुपऱ्यो । नाम मात्रको कम्युनिस्ट भएर देशमा परिवर्तन हुँदैन । परिवर्तन गर्न दल अघि सर्दैन भने त्यो कम्युनिस्ट पार्टीको एकताको के अर्थ रह्यो ? एकता गरेर दल ठुलो भएरै के गर्ने ? के एकता भनेको निर्वाचनमा बढी सीट जित्नको लागि मात्र हो ? एकता या सहकार्य भएर विगतमा झण्डै दुईतिहाइ मत प्राप्त भएको थियो । तर त्यो एकता टिकेन ।

कम्युनिस्ट पार्टीको बदनाम हुनुको कारण वास्तवमा एमाले र माओवादीको गलत कार्यशैली हो; कम्युनिस्ट भएर राजनीति नगर्नु हो । सिद्धान्त र विचारको एकता हुनुपर्छ । साँच्चै दिलैदेखि एकता हुनुपर्छ । एकताभित्र देश र जनताको हितमा परिवर्तनभन्दा अर्कै अर्कै रहस्यको उद्घाटन हुन्छ । एकताभित्र पद, भागबन्डा, नेतृत्वमा पुग्ने स्वार्थ लुकेको हुन्छ । एक दुई वटा निर्वाचनमा हारेर थाक्ने, निरास हुने, हारेकै निहुँमा कहिले कार्यगत एकता र कहिले पार्टी एकताको कुरा गरेर राजनीति गर्ने विचार कसरी सही हुन्छ ? सत्तारुढ दलले देश चिनेन, जनता चिनेन; चिनेर अघि बढेन । जहिल्यै दल ठुलो बनाउने, सरकारको नेतृत्व गर्ने र बढीभन्दा बढी दलगत र व्यक्तिगत स्वार्थ पूरा गर्ने, पदको दुरुपयोग गरेर अकुत सम्पत्ति कुम्ल्याउने या अनियमितता, भ्रष्टाचार गर्ने या देशको सम्पत्तिमा रजाइँ गर्नेतर्फ सरकारको ध्यान गयो । यसले जनतामा असन्तोष बढ्यो । जनतामा देखिएको त्यही असन्तोषकै कारण नचाहेर पनि, नचिनेर पनि जनताले गएको निर्वाचनमा अर्को विकल्प रोजे ।

जनताले विकल्प त रोजे तर त्यो रोजेको दलमा पनि शक्तिको घमण्डको उन्माद चढ्यो । त्यही दम्भमा उभेर भारतले मिचेको नेपाली भूमि फिर्ता लिने प्रक्रिया अघि बढाउनुभन्दा नेपालले पनि भारतको भूमि मिचेको छ भनी नेपाल र नेपालीमा ठेस पुग्ने विचार प्रधानमन्त्री बालेन साहले व्यक्त गरे । देशविरोधी त्यो विचारलाई प्रम साहले फिर्ता लिएनन्; रास्वपाको दलले त्यो बोली सच्याउने काम गरेन । त्यसको अर्थ ठुलो दल या सत्तारुढ दलले जे गरे पनि मान्य हुन्छ; सही मान्नुपर्छ भन्ने कुरालाई संस्थागत गर्न खोज्यो । विगतको सरकारले पनि यस्तै गलत काम गरेको थियो । त्यसलाई नयाँ सरकारको दलले पनि निरन्तरता दिने काम गऱ्यो । दल पुरानो र नयाँ जे भए पनि सरकारले गर्ने काम एउटै हुन्छ भने फरक के ? अत: जनताले कुन दल श्रमजीवीवर्गको पक्षमा छ, श्रमजीवीवर्गको हितमा काम गर्छ भन्नेतर्फ हाम्रो ध्यान पुग्नुपर्छ ।

# एसिया–प्रशान्त क्षेत्रमा सन्तुलन कायम गर्न सघाउँदै चीन

✍ माया माजुएरा

एसिया-प्रशान्तको भूराजनीति सूक्ष्म तर परिणामात्मक परिवर्तनबाट गुज्रिरहेको छ । कुनै बेला सहयोगलाई पश्चिमा नेतृत्वको नियम, मान्यता र सुरक्षा पङ्क्तिबद्धताद्वारा परिभाषित गरिएकोमा अहिले चीनले सहयोगलाई सार्वजनिक सेवा प्रदान गर्ने मूर्त मोडेलको रूपमा अगाडि बढाइरहेको छ । भूराजनीतिक परिवर्तनसँगै सहयोगको शैलीमा पनि तीव्र परिवर्तन भएको छ ।

यस परिवर्तनको केन्द्रमा क्षेत्रीय प्रभावको भूमिका छ । स्थापित सिद्धान्तबाट वैधता प्राप्त गर्दै परम्परागत पश्चिमी दृष्टिकोण विशेषगरी नियम, मापदण्ड, अप्रत्यक्ष शासन र सुरक्षा गठबन्धनमा केन्द्रित थियो । यसविपरीत चीनले नेतृत्वको थप कार्यमुखी मोडेललाई अगाडि बढाइरहेको छ, जहाँ पूर्वाधार निर्माण, वित्तपोषण परिचालन र दृश्यात्मक आर्थिक लाभलाई जोड दिइन्छ । यस ढाँचामा एसिया-प्रशान्त सहयोग नियम बनाएर मात्र होइन, बरु समाधान कार्यान्वयन गर्ने क्षमताद्वारा परिभाषित गरिरहेको छैन, बरु क्षेत्रीय विकासका बृहत् प्रणालीलाई पनि आकार दिइरहेको छ भन्ने कुरा सुनिश्चित गर्छ । चीनको प्रभाव अब क्षेत्रीय आपूर्ति शृङ्खला र व्यापार सञ्जालमा गहिरो रूपमा जोडिएको छ, जसको केन्द्रमा बृहत् क्षेत्रीय आर्थिक साझेदारी रहेको छ ।

कम विकसित देशसँग कूटनीतिक सम्बन्ध भएका देशलाई शून्य भन्सार नीति अवलम्बन गर्ने उसको निर्णयले यो सहयोग भाषणमा मात्र होइन, व्यवहारमा पनि लागू हुन्छ भन्ने देखाउँछ । चीनको सहयोग केवल कूटनीतिक मञ्चमा मात्र होइन, बरु प्रशान्त क्षेत्रका रसद केन्द्र र डिजिटल प्लाटफर्मसम्म विस्तार भएको छ । वास्तविक अर्थतन्त्रमा जरा गाडेको यो सहयोग स्वाभाविक रूपमा बढी लचिलो छ, किनकि आपूर्ति शृङ्खला राजनीतिक कथनभन्दा पृथक हुन्छ ।

चीनको दृष्टिकोणले अब खाद्य सुरक्षा, गरिबी न्यूनीकरण, हरित ऊर्जा र डिजिटल कनेक्टिभिटीलाई समेट्छ । यी क्षेत्रले मानिसको जीविकोपार्जनलाई प्रत्यक्ष रूपमा असर गर्छ । यसैबिच, यो स्वास्थ्य सेवा, जैविक प्रविधि र कृत्रिम बुद्धिमत्ताजस्ता अग्रणी क्षेत्रमा अगाडि बढिरहेको छ, जसले यस क्षेत्रको विकास र प्राविधिक मार्गलाई आकार दिने महत्त्वाकाङ्क्षालाई सङ्केत गर्छ ।




गरिएको छ ।

पूर्वाधार, वित्तपोषण, डिजिटल कनेक्टिभिटी र वास्तविक अर्थतन्त्रलाई प्राथमिकता दिएर चीनले सहयोगका सर्त र नेतृत्व दुवैलाई पुन: परिभाषित गरिरहेको छ । क्षेत्रीय सहयोग दशकौँदेखि व्यापार, शासन र सुरक्षालाई नियन्त्रित गर्ने ढाँचावरपर व्यवस्थित गरिएको छ । महत्त्वपूर्ण भए पनि यी ढाँचा विकासशील अर्थतन्त्रको दैनिक वास्तविकतासँग मेल नखाएको हुन सक्छ । तर, वास्तविकता यही हो । चीनको दृष्टिकोण व्यावहारिक प्रश्नमार्फत फरक तरिकाले सुरु हुन्छ, देशहरूलाई वास्तवमा के कुराको आवश्यकता छ ?

एसियाको धेरैजसो क्षेत्रमा चीनबारे साझा धारणा छ- सडक, रेलवे, बन्दरगाह, ऊर्जा प्रणाली र पुँजीमा पहुँच भएको शक्तिशाली अर्थतन्त्र भएको देश । यिनै आवश्यक विषयमा ध्यान केन्द्रित गरेर चीनले सहयोगलाई दृश्यात्मक र मापनयोग्य बनाएको छ । यात्रा समयावधिलाई घटाएर आधा (छिटो) बनाउने रेलवे सेवादेखि व्यापारको ढोका खुला गर्ने बन्दरगाह उनीहरूको दैनिक जीवनमा ठोस लाभ हो । यस परिवर्तनको केन्द्रमा पूर्वाधार रहेको छ । चीन-लाओस रेलवे, जकार्ता-बान्डुङ उच्च गतिको रेल सेवा र हम्बनटोटा अन्तर्राष्ट्रिय बन्दरगाहजस्ता परियोजना संयोजनकारी तन्तु हुन्, जसले एसिया प्रशान्त क्षेत्रलाई नजिकबाट जोड्छन् ।

यातायात लागत घटाएर, अन्तरदेशीय क्षेत्रलाई विश्वव्यापी बजारमा खुला राखेर र औद्योगिक वृद्धिलाई तीव्र बनाएर चिनियाँ परियोजनाले आर्थिक भूगोललाई पुन: आकार दिइरहेको छ । परम्परागत सहायताविपरीत पूर्वाधारले दृश्यात्मक, विश्वलाई वास्तविक लाभ प्रदान गर्छ । पूर्वाधार पुँजी गहन छ, यही पुँजीमा चीनको भूमिका निर्णायक हुन्छ । बेल्ट एन्ड रोड इनिसिएटिभ, यसका नीति, लगानी कोष र एसियाली पूर्वाधार लगानी बैङ्कमार्फत चीनले एसियाको लामो समयदेखिको वित्तीय खाडललाई सम्बोधन गर्न सहयोग गरेको छ । धेरै विकासशील देशले पर्याप्त र समयमै कोष सुरक्षित गर्न सङ्घर्ष गरेका छन् । चीनको वित्तीय सहयोग प्राय: छिटो र कम बोझिलो छ, जसले गर्दा चीन बढ्दो रूपमा आकर्षक साझेदार बनेको छ ।

वित्तीय क्षेत्रमा उसको भूमिकाले चीनले परियोजना निर्माण मात्र

भौतिक पूर्वाधारभन्दा बाहिर डिजिटल क्षेत्रमा चीनको प्रवेश उत्तिकै परिणामकारी हुँदै गइरहेको छ । डिजिटल सिल्क रोडमार्फत, चीनले प्रशान्त क्षेत्रभर ५ जी नेटवर्क, इ-कमर्स इकोसिस्टम, डिजिटल भुक्तानी र स्मार्ट सिटी विकासमा आफ्नो उपस्थिति विस्तार गरिरहेको छ । अझ महत्त्वपूर्ण यो विस्तार बढ्दो रूपमा उदीयमान क्षेत्रका मानकसँग जोडिएको छ । यी प्राविधिक क्षेत्र मात्र होइनन्, भविष्यको आर्थिक र राजनीतिक प्रभावको निर्माणरूपी ब्लक हुन् । डिजिटल प्रणाली दैनिक जीवनमा सम्मिलित हुँदै जाँदा तिनीहरूको मापदण्ड र वास्तुकलालाई आकार दिने क्षमता सडक वा बन्दरगाह निर्माणजत्तिकै महत्त्वपूर्ण हुनेछ, जसले चीनलाई क्षेत्रीय एकीकरणको डेटा-सञ्चालित तहको अग्रपङ्क्तिमा राख्नेछ ।

समग्रमा हेर्दा यो प्रयासले एउटा ठुलो महत्त्वाकाङ्क्षालाई औँल्याउँछ, चीनले आफूलाई व्यापक विकास सामग्रीको प्रदायकका रूपमा स्थापित गरिरहेको छ । महत्त्वपूर्ण कुरा, चीनले विद्यमान क्षेत्रीय संरचनालाई भत्काएको छैन । बरु, तिनै संरचनामार्फत काम भइरहेको छ ।

पूर्वी एसिया शिखर सम्मेलन आसियान प्लस ३ जस्ता आसियान नेतृत्वको संयन्त्रलाई संलग्न गराएर चीनले दक्षिणपूर्वी एसियाली राष्ट्रको सङ्घलाई विस्थापित गर्नुको सट्टा यसको केन्द्रीयतालाई सुदृढ बनाउँछ । आरसीईपीजस्ता ढाँचा र एआइआइबीजस्ता संस्थामा चीनको सहभागिताले यस दृष्टिकोणलाई अझ पूरक बनाउँछ ।

मूर्त सार्वजनिक वस्तु प्रदान गरेर चीनले यस क्षेत्र केन्द्रलाई पूर्वाधार, कनेक्टिभिटी र वास्तविक आर्थिक एकीकरणतर्फ बढाएको छ । एसिया-प्रशान्त सहयोगका लागि परिभाषित प्रश्न अब नियम कसले तय गर्ने होइन, बरु अरू निर्भर प्रणाली कसले बनाउने भन्ने हो ।

**(लेखक बेल्ट एन्ड रोड इनिसिएटिभ-श्रीलङ्काका संस्थापक निर्देशक हुन् ।)**

**- चाइना डेलीबाट**

सन्दर्भ : क्रिस हानी जन्म दिवस (जून २८)

# अफ्रिकी स्वतन्त्रता आन्दोलनका योद्धा तथा कम्युनिस्ट नेता क्रिस हानी – ३

**तान्जानिया**

तान्जानिया भर्खर बेलायती उपनिवेशबाट मुक्त भएको थियो । त्यहाँ जुलिसय न्येरेरेको प्रगतिशील सरकार स्थापना भएको थियो । दक्षिण अफ्रिकी स्वाधीनता आन्दोलनका सयौँ योद्धाहरू त्यहाँ राजनीतिक शरण लिई बसेका थिए ।

१९६४ नोभेम्बरमा ३० जना तालिम प्राप्त कार्यकर्ताहरू दार-ए-स्लाम फर्के । त्यो वर्ष अमेरिकी नागरिक अधिकारका नेता मार्टिन लुथर किङले नोबेल शान्ति पुरस्कार पाएका थिए । तान्जानियामा ताङ्गानिका र जन्जिबार जुलियस न्येरेरेको नेतृत्वमा सामेल भइसकेका थिए । यी घटनाले दक्षिण अफ्रिकी योद्धाहरूलाई आफ्नो सङ्घर्षमा थप उत्साहित बनाएको थियो ।

सोभियत सङ्घमा वर्षदिनको बसाइँपछि सन् १९६४ नोभेम्बरमा हानीले अफ्रिका महादेश फर्कने निर्णय गरे । हानीसँगै उनका सहयोद्धाहरूले मार्क्सवाद सिकेका थिए, द्वन्द्वात्मक भौतिकवाद बुझेका थिए र सँगै एके ४७ राइफल चलाउन पनि पोख्त भइसकेका थिए । मस्कोबाट उनीहरू तान्जानिया जाँदै थिए ।

क्रिस हानी न्येरेरेको अफ्रिकी समाजवाद र उजामा (Ujamaa) परम्परागत वर्गविहीन सामूहिक बस्तीको सिद्धान्तबाट प्रभावित थिए । न्येरेरेले एमकेलाई प्रयोग गर्न दार-ए-सलामभन्दा ४ सय किमि दक्षिणमा पर्ने कोङ्वा (Kongwa) मा सानो टुक्रा जग्गा प्रदान गरेका थिए । हानी, एम्ब्रोस माकिवाना र लिन्नोक्स लाघुलाई कोङ्वामा खटाइयो ।

कोवाको जीवन सहज थिएन । त्यहाँ बस्ने योद्धाहरूलाई औलो र आँखाको सङ्क्रमणको खतरा थियो । चर्पीको लागि खाल्डो खन्नुपर्थ्यो । पानी आपूर्तिको समस्या थियो । कार्यकर्ताहरूलाई तीन समूहमा विभाजन गरिएको थियो र उनीहरू पालैपालो खाना पकाउने, घरटहरा बनाउने, पानी बोक्ने काम गर्थे । पढ्ने सामग्री पाउन निकै मुस्किल थियो । एकातिर हानीलगायत तालिम प्राप्त कार्यकर्ताहरूमा आफ्नो देश फर्किने र आन्दोलन निर्णायक तहमा पुर्‍याउने हतारो थियो भने अर्कोतिर उनीहरू त्यस्तो असहज अवस्थामा बस्न बाध्य थिए ।

त्यस्तो प्रतिकूल परिस्थितिमा हानीले लेखपढको काम भने छोडेनन् । उपयुक्त समय मिल्नेबित्तिकै उनी पढ्न बसिहाल्थे । उनी प्रायश: जङ्गलमा गएर किताब पढ्थे । उनका सहकर्मीहरू सर्पको डर भएकोले जङ्गलमा एक्लै गएर नपढ्न सुझाइरहन्थे । हानी हाँसोठट्टा मन पराउँथे । उनी लिबियादेखि फिडेल क्यास्ट्रोको क्युवाबारे चर्चा गरिरहन्थे । त्यतिबेला उनको उमेर मात्र २३ वर्ष थियो ।

कोङ्वामा उनीहरूले चाँडै विभिन्न रचनात्मक गतिविधि गर्न थाले । पहाडको खाँचबाट पाइप बिछ्याएर पानी ल्याउने बन्दोबस्त गरे । त्यही पानी उपयोग गरेर खेतीपातीको काम गर्न थाले । भलिबल, टेबुलटेनिसलगायत खेलकुद गतिविधि गर्ने ठाउँ बनाए । बस्न उपयुक्त घरटहराहरू बनाए । भर्खर विश्वविद्यालयबाट निस्केका हानीजस्ता नवयुवकहरूका निम्ति ती निर्माण कार्य गर्न सजिलो थिएन । यद्यपि, त्यहाँको समय सम्झँदै हानीले भने, "... त्यो हाम्रो लागि अर्को शिक्षालय बन्यो । हाम्रो बौद्धिक ज्ञानलाई शारीरिक श्रमसँग एकाकार गर्ने राम्रो विद्यालय थियो त्यो ।"

सन् १९६४ को क्रिसमससम्म आइपुग्दा एमकेका सबै तालिम प्राप्त योद्धाहरू आफ्नो देश फर्केर स्वाधीनताको निम्ति सङ्घर्ष चर्काउन आतुर भइसकेका थिए । सोभियत सङ्घमा आफूले सिकेका ज्ञानको व्यावहारिक उपयोग गर्न उनीहरू व्यग्र थिए । तथापि पार्टीको नेतृत्व तहमा झाङ्गिँदो सुविधाभोगी चरित्र उनीहरूलाई चित्त बुझेको थिएन । दार-ए-सलाम र मोरक्कोमा बसेको पार्टी नेतृत्वले सङ्घर्षलाई भन्दा आफ्नो निजी सुखलाई प्राथमिकता दिइरहेका थिए । सशस्त्र सङ्घर्षप्रति समर्पणभावको अभाव र निष्क्रियताले हानी असन्तुष्ट थिए । जाम्बियाबाट फर्केको टोलीले केनेथ काउन्डाजस्ता नेता पूर्णत: सुख-सुविधामा डुबेको खबर ल्यायो ।

सन् १९६५ सम्ममा कोङ्वामा मस्को र ओडिसाबाट फर्केका कार्यकर्ताहरूको सङ्ख्या झन्डै ५ सय पुगिसकेको थियो । उनीहरूले भूमिगत गतिविधि गर्न तालिम पाएका थिए । दक्षिण अफ्रिकाको स्वतन्त्रताको लागि लड्न चाहने १२ वर्षका किशोरहरूसमेत त्यहाँ थिए । उनीहरूको शैक्षिक अवस्था कमजोर थियो । हानीले उनीहरूलाई शिक्षित बनाउन कक्षा सञ्चालन गर्ने कार्यमा जोड दिए ।

हानी प्रतिकूल परिस्थितिमा पनि 'झिसमिसे' (The Dawn) पत्रिकाका लागि विश्लेषणात्मक लेख लेख्थे । उनी प्रकाशनलाई स्वतन्त्रताको सन्देश फैलाउने र रङ्गभेदको आतङ्क उजागर गर्ने माध्यमको रूपमा उपयोग गर्न चाहन्थे । कार्यकर्तामा बेलाबेलामा आउने निराशा पन्छाउन कोङ्वामा मनोरञ्जनात्मक कार्यक्रम पनि आयोजना गरिन्थ्यो । त्यहाँको जीवनलाई कालान्तरमा एकजना कार्यकर्ताले 'जीवनको विश्वविद्यालय' को संज्ञा दिए । वास्तवमा त्यो शिविर बाँच्नको लागि आवश्यक क्षमताको परीक्षाजस्तो थियो ।

कोङ्वामा दक्षिण-पश्चिम जनसङ्गठन (Swapo), फ्रिलिमो (FRELIMO), एमपीएलए (MPLA) र एमकेका शिविरबिच हरेक शुक्रबार कुनै न कुनै प्रतियोगिता आयोजना गरिन्थ्यो । त्यहाँ जिम्बाब्वे अफ्रिकी जनसङ्घ (ZAPU) र जिम्बाब्वे अफ्रिकी राष्ट्रिय सङ्घ (ZANU) का शिविर पनि थिए ।



कार्यकर्ताहरूले कठिन समय व्यतीत गरिरहेको समयमा अफ्रिकी राष्ट्रिय काङ्ग्रेसका नेताहरूको जीवन भने भिन्न थियो । नेताहरू तलब पाउँथे भने कार्यकर्ताहरू आफ्ना आधारभूत आवश्यकता पूरा गर्न पनि आफ्नो लुगा बेच्न बाध्य थिए । सन् १९६६ सम्ममा कार्यकर्ता तहको असन्तोष झाङ्गिसकेको थियो भने केही कार्यकर्ताहरू घर जानको लागि ट्रक चोरेर भागे । तर, मोरोगोरोमा उनीहरू गिरफ्तारीमा परे ।

त्यतिबेला स्वतन्त्रता आन्दोलन राजनीतिक रसरङ्गको उच्चतम चरणमा पुगेको थियो । पार्टीमा भर्ती बढेकोमा खुसी हुँदै केही नेताहरू एउटा परिस्थितिमा स्वतन्त्रता आफैँ आउँछ भन्ने सोच्थे । त्यसकारण, उनीहरू भित्रभित्रै सल्किरहेको असन्तोषको आगोप्रति बेवास्ता गर्थे । त्यस्तो परिस्थितिमा हानीले नेतृत्वप्रति असन्तोष पोख्दै एउटा पत्र लेखे र सन् १९६९ को मोरोगोरो सम्मेलनमा त्यो पत्र पेस गरे ।

सन् १९६७ मा शिविरका धेरै कामरेडहरू केन्या पुगिसकेका थिए । केही कार्यकर्ताले हानीलाई आफ्ना असन्तोष बुझ्न नसकेको भन्दै आलोचना गरे तापनि धेरैले उनको सुन्ने धैर्य, समस्या समाधानको लागि अग्रसर हुने बानीको प्रशंसा पनि गरे । पार्टीका नेताहरूबिच नातावादी प्रवृत्ति, कोहीमा धेरै रक्सी सेवन गर्ने दुर्व्यसनी फैलिएको थियो । त्यहीबेला क्रिस हानी जाम्बिया गए । कोङ्वामा उनको आलोचना पनि भयो । जोसाह जैलेको नेतृत्वमा रहेकी एउटा सानो समूह पनि लुसाका हुँदै मोजाम्बिक जान कोङ्वाबाट हिँड्यो । सन् १९६७ को सुरुमा प्राज्ञ वेन मुगबानेले जाम्बिया विश्वविद्यालय क्याम्पस नजिकै सुनिनदालेस्थित एउटा घरमा क्रिस हानीको बस्ने बन्दोबस्त मिलाए । प्राज्ञ मुगबाने एक वर्षअघि मात्र संरा अमेरिकाबाट त्यहाँ आएका थिए । उनको घरमा प्रशस्त पुस्तकहरू थिए । उनी अफ्रिकी राष्ट्रिय काङ्ग्रेसका समर्थक थिए । उनले काङ्ग्रेसका टाम्बोलाई पनि बस्ने बन्दोबस्त मिलाएका थिए ।

मुगबाने परिवारका निम्ति हानी जेठो छोरोसरह थिए । प्रायश: आइतबार हुने भेटघाटमा हानीका विचार, शैली र उनले किट्सका कविताहरू कण्ठस्थ गरेर धाराप्रवाह वाचन गर्दा सहभागीहरू चाँडै प्रभावित हुन्थे । कुनै पार्टी वा भोज हुँदा हानी पार्टीबाट छिट्टै निस्कन्थे र कोठामा गएर किताब पढेर बस्थे ।

लुसामा हुने अफ्रिकी भूमिगत बैठकहरूका सहभागीका लागि हानी एउटा नयाँ आविष्कारजस्तै थिए ।

सन् १९६१ डिसेम्बर महिनामा जोहान्सबर्गको एउटा गोप्य ठाउँमा अफ्रिकी राष्ट्रिय काङ्ग्रेसको बैठक भयो । त्यो बैठकले वर्णभेदी शासन सत्ताविरुद्ध युद्धको औपचारिक घोषणा गर्‍यो । सन् १९६० मा सार्पभिल्ले र लाङगामा भएका नरसंहारपछि अफ्रिकी राष्ट्रिय काङ्ग्रेसले शान्तिपूर्ण सङ्घर्षको बाटो त्यागिसकेको थियो । त्यसपछि सन् १९६१ मा भएको जोहान्सबर्ग बैठकबाट काङ्ग्रेसले अन्य मुक्ति सङ्गठनहरूसँग नयाँ उचाइमा सम्बन्ध स्थापित गर्ने तय गरेको थियो ।

जोहान्सबर्गमा गोप्य बैठक बसेको बखत रोडेसियाको हरारे सहरको हाइफिल्ड्समा एउटा अर्को बैठक पनि बसेको थियो । त्यो बैठकबाट जापु (ZAPU) स्थापनाको औपचारिक निर्णय भयो र मजदुर नेता जोशुआ कोमो (Joshua Nkomo) त्यसको सभापतिमा निर्वाचित भए । पछि जोशुआलाई रोडेसियाली (हालको जिम्बाब्वे) प्रहरीले गिरफ्तार गर्‍यो र क्रान्तिकारी नेता रोबर्ट मुगाबेसँगै जेलमा थुन्यो । मुगाबे जिम्बाब्वेली अफ्रिकी राष्ट्रिय सङ्घ जानु (Zanu) का सभापति र लामो समयसम्म जिम्बाब्वेका राष्ट्रपति बने ।

त्यही वर्ष पीएसीको सैनिक सङ्गठन पोको, अजानियाली जनमुक्ति सेना (एपीएलए) र अङ्गोला जनमुक्ति आन्दोलन (एमपीएलए - MPLA) पनि गठन भए ।

यतिञ्जेल जापु र अफ्रिकी राष्ट्रिय काङ्ग्रेस दुवै कसरी अगाडि बढ्ने विषयमा अस्पष्ट थिए । तथापि एक वर्षकै अन्तरालमा सोभियत सङ्घबाट सैनिक तालिम प्राप्त दुवै सङ्गठनसम्बद्ध लडाकुहरूको तान्जानिया जाने 'महान् पूर्वी मार्ग' नामले चर्चित स्थानमा भेट भयो । जापु, मोजाम्बिकको फ्रिलिमो, नामिबियाको स्वापो, एमपीएलए र अफ्रिकी राष्ट्रिय काङ्ग्रेसका युवा नेता तथा लडाकुहरू दार-ए-सलाममा भेला भए । दार-ए-सलाममा जापु र काङ्ग्रेसले आफ्ना कार्यालय स्थापना गरे । अरू दुई वर्षमा पार्टीमा भर्ती हुनेको सङ्ख्या बढ्यो । तर, सन् १९६३ मा मात्र तान्जानियामा उनीहरूका शिविर स्थापना भए ।

क्रिस हानीका मित्र आकी सिबेकोले ट्युनिसियाबाट जिम्बाब्वे, जाम्बिया आदि बाटोमा पर्ने देशका सुरक्षाकर्मीलाई छकाउँदै लडाकुलाई आवश्यक पर्ने हातहतियार आपूर्ति गर्थे ।

**वान्के कारबाही**


सन् १९६६ को अन्त्यसम्ममा लडाकुको पूर्वतयारी लगभग भइसकेको थियो । हानी, टाम्बो, जेबी मार्क्स, मोजेस कोटानी र थोमस कोबीलगायतले रोडेसियामा संयुक्त सेना पठाउने विषयमा जापुसँग वार्ता गरिसकेका थिए । यी दुई सङ्गठनबिचको सम्बन्ध त्यतिबेला प्रगाढ बनिसकेको थियो । कुनै पनि अन्तर्राष्ट्रिय सम्मेलनमा उनीहरू एकअर्कोलाई आपसी सहयोग गर्ने गर्थे । लुसाकामा अफ्रिकी राष्ट्रिय काङ्ग्रेसको मुख्यालय स्थापना गर्न जापुले महत्त्वपूर्ण सहयोग गरेको थियो । उच्च तहको सैनिक नेतृत्व काङ्ग्रेसका टाम्बो र जापुका उपसभापति जेम्स चिकेरेमाराले गरेका थिए । लुसाका बसाइँकै क्रममा हानी र जिप्राका कमान्डर जोन डुबेले 'वान्के कारबाही' को योजना बनाएका थिए ।

दक्षिण अफ्रिकाभित्र स्वतन्त्रता आन्दोलन कमजोर देखिँदा जनता र स्वतन्त्रता सेनानीहरूमा एक प्रकारको निराशा छाएको थियो । त्यो निराशा तोड्न हानीलगायतका नेताहरू चाँडोभन्दा चाँडो आफ्नो देशभित्र पसी भूमिगत गतिविधि गर्न लालायित थिए । तर, उनीहरूसामु एउटा गम्भीर प्रश्न थियो- दक्षिण अफ्रिका पस्ने कसरी ? आफूसँग सेना भएकाले कुनै उपयुक्त समयको प्रतीक्षा गरिरहनु नपर्ने विचार चर्कोसँग उठेको थियो । जस्तै कठिन भूगोल, प्रतिकूल राजनीतिक अवरोध छिचोलेर पनि देशभित्र पस्नुपर्ने भावनाले काम भइरहेको थियो । तर, दक्षिण अफ्रिका वरपरका देशहरू अङ्गोला, मोजाम्बिक र रोडेसिया सबै साम्राज्यवाद अधिनस्थ थिए । भाषागत समस्या, दुरूह जङ्गली भूगोल, कमजोर राजनीतिक एवम् सैनिक प्रभावका कारण त्यतिबेला हानीलगायतका सैनिक नेताहरूले बनाएको योजना साहसिक भए तापनि अव्यावहारिक सिद्ध हुन पुग्यो ।

रोडेसिया पार गर्ने कठिनाइ छिचोल्न हानीले भियतनाम युद्धको समयमा प्रचलित 'हो चि-मिन्ह पदमार्ग' को अनुभव उपयोग गर्ने प्रयत्न गरे । लडाकुलाई आवश्यक सरसामग्री आपूर्ति गर्न भियतनामी अनुभवको सिको गर्दै काठे पुलहरूको निर्माणमा जोड दिइयो ।

सन् १९६० को मध्यावधिसम्म दक्षिण अफ्रिकी सरकारको चर्को दमनका कारण त्यहाँभित्रका मुक्तिकामी शक्तिहरूको हौसला मरिसकेको थियो । प्रम भेर्वर्डको सन् १९६६ सेप्टेम्बरमा संसद् भवनभित्रै हत्या भएपछि जोन भोर्स्टर दक्षिण अफ्रिकाको प्रधानमन्त्री बनेका थिए । भोर्स्टर र रोडेसियाका प्रधानमन्त्री इयान स्मिथ स्वतन्त्रता आन्दोलन दबाउन दृढ निश्चयी थिए ।

***स्रोत : स्वतन्त्रता आन्दोलनका अफ्रिकी अगुवा***






भेनेजुयलाको काराबालेडामा रहेका भवनहरू २८ डिसेम्बर २०२५ (बायाँ) र २६ जून २०२६, शुक्रबार, भूकम्पपछि (दायाँ) देखाइएको छ । (उपग्रह तस्बिर, फोटो, एपी)

# भेनेजुयलाको भूकम्पमा ९२० जनाको मृत्यु, ५० हजार बेपत्ता

ला ग्वाइरा, भेनेजुयला, १२ असार (एएफपी) । भेनेजुयलामा आएको दुईवटा शक्तिशाली भूकम्पबाट शुक्रबारसम्म ९२० जनाको मृत्यु भएको आधिकारिक पुष्टि गरिएको छ भने हजारौँ मानिस बेपत्ता रहेको रिपोर्ट प्राप्त भएको छ ।

सहयोगका लागि भेनेजुयला पुगेका अन्तर्राष्ट्रिय उद्धार टोलीहरूले बाँचेकाहरूको खोजी तथा उद्धारका लागि प्रयास तीव्र पारेका छन् ।

काराकासका बासिन्दाहरूले अन्तरिम नेतृ डेल्सी रोड्रिगेजसँग सरकारको तर्फबाट पर्याप्त प्रतिक्रिया नआएको भन्दै आक्रोश जनाएका छन् ।

संयुक्त राष्ट्रसङ्घका सहायता प्रमुख टम फ्लेचरले एएफपीसँग भन्नुभयो, "गत बुधबार साँझ एक मिनेटको अन्तरमा आएका दुई शक्तिशाली भूकम्पमा परी ५० हजारभन्दा बढी मानिस बेपत्ता छन् । यी भूकम्पले देशको उत्तरी भागमा धेरै भवन ध्वस्त पारेका छन् ।"

राजधानी काराकास नजिकैको तटीय क्षेत्र ला ग्वाइरा सबैभन्दा बढी प्रभावित भएको छ । बुधबार ७.२ र ७.५ म्याग्निच्युडका दुई ठुला भूकम्पले एकपछि अर्को गर्दै भवनहरूमा क्षति पुऱ्याएको थियो ।

आन्तरिक मन्त्री डियोस्डाडो काबेल्लोले टेलिभिजन सम्बोधनमा शुक्रबार राति ८ बजेदेखि क्षतिग्रस्त क्षेत्रमा प्रवेश प्रतिबन्धित गरिएको घोषणा गर्नुभएको छ ।

चारवटा अग्ला भवन र सयौँ अपार्टमेन्ट रहेको ला ग्वाइराको एउटा आवासीय कम्प्लेक्समा अधिकांश भवनहरू लगभग पूरै ध्वस्त भएका छन् ।

"दुःखद कुरा, भवन पूर्ण रूपमा भत्किएका छन् र बाँचेकाहरू भेट्टाउने सम्भावना निकै कम छ । अब हाम्रो प्रयास मृतकहरूको शव निकाल्नेमा केन्द्रित हुनेछ," उद्धार टोली प्रमुख नाडियोमार पोलान्कोले भूकम्प प्रभावित क्षेत्रमा खोजी तथा उद्धार कार्यलाई तीव्रता दिइरहेको बताउनुभयो ।

अन्यत्र भने परिवारका सदस्यहरू, छिमेकीहरू र स्वयंसेवकहरूले आफ्नो खाली हातले बाँचेकाहरूलाई निकाल्ने प्रयास गरिरहेका छन् । उनीहरूले ठुला मेसिनरी सहयोग नभएकोमा दुःख व्यक्त गरेका छन् ।

"म मेरो सानो गाएललाई खोजिरहेको छु । ऊ मात्र पाँच महिनाको थियो," ४० वर्षीया मार्जोरली सालाजारले दुःख व्यक्त गर्दै भन्नुभयो । भूकम्पमा परेकी उहाँकी अर्की १६ वर्षीया छोरी मृत अवस्थामा भेटिएकी थिइन् । सालाजारको छोरा र भतिजी दुवै बेपत्ता छन् ।

उहाँले भन्नुभयो, "हामीलाई सहयोग चाहिएको छ । स्तम्भहरू उठाउन मेसिनहरू चाहिएका छन् ।

## इरानको प्रहरी चौकीमा आक्रमण : दुईको मृत्यु, दुई घाइते

तेहरान, १३ असार (सिन्ह्वा) । इरानको पश्चिमी कुर्दिस्तान प्रान्तको प्रहरी चौकीमा अज्ञात बन्दुकधारीहरूले गरेको 'आतङ्कवादी' आक्रमणमा दुई कानुन प्रवर्तन कर्मचारीको मृत्यु हुनुका साथै दुई जना घाइते भएको फार्स समाचार एजेन्सीले शनिबार रिपोर्ट गरेको छ ।

रिपोर्टका अनुसार बनेह र साकेज काउन्टीहरूबिचको सडकमा आक्रमण गरिएको थियो ।

फार्स समाचार एजेन्सीका अनुसार घाइतेहरूलाई उपचारका लागि मेडिकल सेन्टरमा लगिएको छ भने प्रान्तीय प्रहरीले आक्रमणकारीहरूको पहिचान गर्न र पक्राउ गर्न निर्देशन जारी गरेको छ ।

कुर्दिस्तान प्रान्त इराकको अर्ध-स्वायत्त कुर्दिस्तान क्षेत्रको सिमानामा छ, जसको सीमावर्ती क्षेत्रहरू इरानद्वारा 'आतङ्कवादी' का रूपमा तोकिएको पृथकतावादी समूहहरूको वासस्थान हो ।

## इङ्ग्ल्यान्ड, पोर्चुगल, घाना, इजिप्ट र पाराग्वे विश्वकपको अन्तिम ३२ मा प्रवेश

लस एन्जलस, १३ असार ( एएफपी) । शुक्रबार सम्पन्न खेलहरूको नतिजापछि इङ्ग्ल्यान्ड, पोर्चुगल, घाना, इजिप्ट र पाराग्वे फिफा विश्वकप २०२६ को अन्तिम ३२ मा प्रवेश गरेका छन् ।

पाराग्वेले आफ्ना तीनवटै समूह चरणका खेलहरू पूरा गरिसकेको छ भने इङ्ग्ल्यान्ड, पोर्चुगल, घाना र इजिप्टले अझै एक-एक खेल खेल्न बाँकी छ । यद्यपि, सबै टोलीले नकआउट चरणमा स्थान सुरक्षित गरिसकेका छन् ।

यस पटक ४८ टोली सहभागी विस्तारित विश्वकपमा समूह चरणपछि तेस्रो स्थानमा रहेका उत्कृष्ट आठ टोली पनि अन्तिम ३२ मा पुग्ने प्रावधान छ ।

इङ्ग्ल्यान्ड, पोर्चुगल, घाना, इजिप्ट र पाराग्वे सबैसँग कम्तीमा चार अङ्क रहेकाले उनीहरू अब आफ्नो समूहमा तेस्रो स्थानमा रहेका केही टोलीले हासिल गर्न सक्ने अधिकतम अङ्कभन्दा अगाडि छन् ।

यसका कारण समूह ए (दक्षिण कोरिया तीन अङ्क), समूह सी (स्कटल्यान्ड तीन अङ्क), समूह एच (उरुग्वे दुई अङ्क/केप भर्डे तीन अङ्क) र समूह आई (सेनेगल तीन अङ्क) का तेस्रो स्थानका टोलीहरूले उनीहरूलाई उछिन्न नसक्ने अवस्था बनेको हो, जसमा ती समूहका खेलहरू यसअघि नै सम्पन्न भइसकेका छन् ।

# अमेरिका-इरान तनावले मध्यपूर्व युद्धविराममा चुनौती

तेहरान, १३ असार (एएफपी) । अमेरिकाले 'स्ट्रेट अफ हर्मुज' मा व्यावसायिक कार्गो जहाजमाथि इरानले आक्रमण गरेको आरोप लगाएपछि दुवै देशबिच पुनः सैन्य तनाव चर्किएको छ ।

इरानी सरकारी सञ्चारमाध्यमका अनुसार अमेरिकी आक्रमणको प्रत्युत्तरमा इरानले खाडी क्षेत्रमा रहेका अमेरिकी सैन्य अखडालाई लक्षित गरी आक्रमण गरेको छ । इरानी पक्षले थप आक्रमण भए आफ्नो प्रतिक्रिया अझ व्यापक हुने चेतावनी दिएको छ ।

अमेरिकी केन्द्रीय कमान्ड ( सेन्टकम) ले इरानी क्षेप्यास्त्र तथा ड्रोन भण्डारणस्थल र तटीय राडार प्रणालीमाथि आक्रमण गरिएको पुष्टि गर्दै त्यसलाई 'स्ट्रेट अफ हर्मुज' हुँदै आवतजावत गर्ने व्यावसायिक जहाजमाथिको आक्रमणको जवाफ भएको जनाएको छ । सेन्टकमले इरानको गतिविधिलाई युद्धविरामको उल्लङ्घनसमेत भनेको छ ।

यसैबिच इरानले 'स्ट्रेट अफ हर्मुज' मार्फत आवतजावत गर्ने जहाजलाई अनुमति नलिई यात्रा नगर्न चेतावनी दिएको छ । यद्यपि जलमार्गबाट जहाजहरूको आवतजावत जारी रहेको जनाइएको छ ।

तनाव बढे पनि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा गिरावट आएको छ । 'स्टेट अफ हर्मुज' हुँदै विश्वको २० प्रतिशतभन्दा बढी तेल तथा ग्यास निर्यात हुने भएकाले त्यहाँको अवस्थालाई विश्व बजारले नजिकबाट नियालिरहेको छ ।

यसैबिच इजरायल, लेबनान र संयुक्त राज्य अमेरिकाबीच शुक्रबार सम्पन्न त्रिपक्षीय सम्झौताले लेबनान-इजरायल सीमामा शान्ति प्रक्रियाको आधार तयार गरेको छ । सम्झौतामा लेबनानी सेनाले इजरायलको नियन्त्रणमा रहेका दुई क्षेत्रमा सुरक्षा जिम्मेवारी सम्हाल्ने तथा हिज्बुल्लाहको निःशस्त्रीकरण प्रक्रिया अघि बढाउने व्यवस्था गरिएको छ ।

यद्यपि हिज्बुल्लाहले उक्त सम्झौताको विरोध गर्दै यसले क्षेत्रीय शान्ति प्रक्रियालाई कमजोर पार्ने दाबी गरेको छ ।

यसैबिच अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आईएईए) का महानिर्देशक राफायल ग्रोसीले अमेरिका-इरानबिच हुने कुनै पनि अन्तिम सम्झौतामा इरानले आणविक हतियार विकास नगर्ने सुनिश्चित गर्न कडा अनुगमन संयन्त्र आवश्यक पर्ने बताउनुभएको छ ।

अन्तरिम सहमतिअनुसार इरानसँग रहेको ६० प्रतिशतसम्म समृद्ध करिब ४४० किलोग्राम युरेनियमलाई आईएईएको निगरानीमा कम समृद्ध बनाइने व्यवस्था गरिएको छ ।

# इरानद्वारा अमेरिकी आक्रमणको जवाफी आक्रमण

तेहरान, १३ असार (एएनआई) । इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स ( आईआरजीसी) इरानी तटीय क्षेत्रहरूमा भएको अमेरिकी हवाई आक्रमणको जवाफमा अमेरिकी सैन्य स्थानहरूलाई लक्षित गरी आक्रमण गरेको घोषणा गरेको इरना समाचार एजेन्सीले रिपोर्ट गरेको छ ।

यसैबिच इरानको इस्लामिक परामर्शदातृ सभाका सदस्य इब्राहिम अजिजीले अमेरिका युद्धविरामका लागि प्रतिबद्ध नभएको उल्लेख गर्दै दोषारोपणको खेलले अबका दिनमा काम नगर्ने बताएका छन् ।

सामाजिक सञ्जाल एक्समा उनले वार्ताको प्रक्रिया चलिरेको समयमा इरानमाथि अमेरिकाले पुनः आक्रमण गरेको पुष्टि गर्दै अमेरिकी राष्ट्रपति वार्ता वा युद्धविरामको सिद्धान्तप्रति कुनै प्रतिबद्धता नभएको बताए ।

यसैबिच, अमेरिकी उपराष्ट्रपति जेडी भान्सले यदि इरानसँग एमओयू कसरी लागू भइरहेको छ भन्ने बारे असहमति छ भने उनीहरूले फोनमार्फत पनि सल्लाह गर्न सक्ने बताए ।

उनले इरानले युद्धविराम सम्झौतामा हस्ताक्षर गरेको विषयमा सम्मान गर्दै उनीहरूसँग एमओयू कसरी लागू भइरहेको छ भन्नेबारे असहमति रहेमा फोनमार्फत समाधान गर्नुपर्ने तर हिंसाको सामना हिंसाका साथ नै हुने बताए ।

यसअघि अमेरिकी विदेशमन्त्री मार्को रूबियोले इजरायल र लेबनानबिच त्रिपक्षीय फ्रेमवर्क सम्झौतामा हस्ताक्षर गरेका थिए । सामाजिक सञ्जाल एक्समा उनले इजरायल र लेबनानबिचको ऐतिहासिक त्रिपक्षीय फ्रेमवर्क सम्झौताको हिस्सा हुन पाउँदा अमेरिकाले गर्व गरेको उल्लेख गर्दै अझै धेरै काम गर्न बाँकी रहेकाले शान्ति, समृद्धि र आपसी सहअस्तित्वको लागि अर्थपूर्ण कदम चालेको बताए ।

आइआरजीसी र नियमित इरानी सेनाको समन्वय गर्ने अपरेसनल कमान्ड सेन्टर, इरानको खातम अल-अन्बिया सेन्ट्रल हेडक्वार्टरका आधिकारिक सैन्य प्रवक्ता इब्राहिम अल-फिकारले यस पटक अमेरिकी आक्रमणमा इरानको कडा प्रतिक्रिया हुने बताए ।

# मधेसको पीडा, सङ्घीयताको सपनामाथि कमिसनको छाया

✍ प्रेमचन्द्र झा

नेपालमा सङ्घीयता लागू हुँदा मधेसले यसलाई केवल राजनीतिक व्यवस्थाको परिवर्तनका रूपमा होइन, ऐतिहासिक विभेदको अन्त्य र समान अवसरको नयाँ युगको सुरुवातका रूपमा स्वागत गरेको थियो । मधेस आन्दोलनको क्रममा उठेका आवाजहरू केवल सीमाङ्कन, प्रतिनिधित्व वा अधिकारका लागि मात्र थिएनन्; ती आवाजहरू राज्यको स्रोत, अवसर र निर्णय प्रक्रियामा समान पहुँचको माग पनि थिए । सङ्घीयता लागू भएपछि मधेसका जनताले अपेक्षा गरेका थिए कि अब विकासको योजना स्थानीय आवश्यकताअनुसार बन्ने छ, बजेट स्थानीय प्राथमिकतामा खर्च हुनेछ, कृषि उत्पादनमा आधुनिकीकरण आउनेछ, शिक्षा र स्वास्थ्य सेवा सुधारिनेछ, उद्योग र रोजगारीका अवसर बढ्नेछन् तथा राज्य जनताको नजिक पुग्नेछ ।

तर, सङ्घीयताको करिब एक दशक नजिकिँदै गर्दा मधेस प्रदेशको यथार्थ अपेक्षाभन्दा निकै फरक देखिन्छ । प्रदेश सरकारहरूको बजेट आकार प्रत्येक वर्ष बढ्दै गएको छ । मन्त्रालयहरूको सङ्ख्या, प्रशासनिक संरचना, सवारी साधन, कार्यालय र कर्मचारीको विस्तार भएको छ । तर, आम नागरिकले आफ्नो जीवनस्तरमा त्यही अनुपातमा सुधार अनुभूति गर्न सकेका छैनन् । यही कारणले आज मधेसका गाउँ, बस्ती, बजार र शहरमा सङ्घीयताको अवधारणाभन्दा त्यसको कार्यान्वयनमाथि प्रश्न उठ्न थालेको छ ।

मधेस प्रदेशको आर्थिक संरचनाको आधार कृषि हो । उर्वर भूमि, पर्याप्त श्रमशक्ति र भारतसँगको विशाल बजारको निकटता यस प्रदेशको सबैभन्दा ठुलो शक्ति मानिन्छ । तर, विडम्बना के छ भने देशको प्रमुख अन्न भण्डार मानिने प्रदेशका किसान आज पनि मल, बीउ, सिँचाइ, बजार र मूल्यको समस्याबाट मुक्त हुन सकेका छैनन् । प्रत्येक वर्ष धान रोपाइँको समयमा रासायनिक मल अभावको समाचार दोहोरिन्छ । किसानहरू लाइनमा बस्न बाध्य हुन्छन् । उत्पादन लागत बढिरहेको छ तर उत्पादनको उचित मूल्य सुनिश्चित छैन । प्रदेश सरकारले कृषि क्षेत्रलाई प्राथमिकता दिएको दाबी गरे पनि कृषि उत्पादन, प्रशोधन उद्योग, कोल्ड स्टोरेज, कृषि बजार र निर्यात व्यवस्थापनमा अपेक्षित उपलब्धि देखिँदैन ।

मधेस प्रदेशको अर्थतन्त्रको अर्को महत्त्वपूर्ण पक्ष वैदेशिक रोजगार हो । लाखौँ युवा खाडी मुलुक, मलेसिया, कोरिया र भारतमा रोजगारीका लागि गएका छन् । प्रत्येक वर्ष अरबौँ रुपैयाँ रेमिट्यान्स प्रदेशमा भित्रिन्छ । तर, यो रकम उत्पादनशील क्षेत्रमा रूपान्तरण हुन सकेको छैन । सङ्घीयता लागू भएपछि प्रदेश सरकारहरूले युवालाई आफ्नै प्रदेशमा रोजगारी सिर्जना गर्ने अपेक्षा गरिएको थियो । तर उद्योग स्थापना, लगानी प्रवर्द्धन, उद्यमशीलता विकास र सीपमूलक तालिमका कार्यक्रमहरूले उल्लेखनीय परिणाम दिन सकेका छैनन् । आज पनि शिक्षित युवाको ठुलो हिस्सा प्रदेश बाहिर अवसर खोज्न बाध्य छ । यसले सङ्घीयताको एउटा मूल उद्देश्य–स्थानीय आर्थिक विकास–कमजोर भएको सङ्केत गर्दछ ।




शिक्षा क्षेत्रमा हेर्दा मधेस प्रदेशका धेरै जिल्लाहरू अझै पनि राष्ट्रिय औसतभन्दा पछाडि देखिन्छन् । विद्यालयको सङ्ख्या बढेको छ, भवन निर्माण भएका छन् तर सिकाइ उपलब्धि, शिक्षकको गुणस्तर, व्यवस्थापन र शैक्षिक वातावरणमा अपेक्षित सुधार आएको छैन । ग्रामीण क्षेत्रका धेरै विद्यालयमा शिक्षक अभाव, विषयगत शिक्षकको कमी, राजनीतिक हस्तक्षेप र कमजोर अनुगमनका समस्या यथावत् छन् । निजी विद्यालय र सामुदायिक विद्यालयबिचको गुणस्तर अन्तर अझै ठुलो छ । मध्यम वर्गका अभिभावकहरू आफ्ना सन्तानलाई गुणस्तरीय शिक्षाका लागि प्रदेश बाहिर पठाउन बाध्य छन् । यदि सङ्घीयताले शिक्षा क्षेत्रमा वास्तविक परिवर्तन ल्याएको हुन्थ्यो भने आज पनि हजारौँ विद्यार्थीलाई काठमाडौँ, चितवन, पोखरा वा भारतको शैक्षिक संस्थातर्फ आकर्षित हुनुपर्ने अवस्था रहने थिएन ।

स्वास्थ्य क्षेत्रको अवस्था पनि मिश्रित छ । प्रदेशका विभिन्न जिल्लामा अस्पताल भवन निर्माण भएका छन् । स्वास्थ्य संस्थाको सङ्ख्या बढेको छ । तर, सेवा प्रवाहको गुणस्तर अझै प्रश्नको घेरामा छ । विशेषज्ञ चिकित्सकको अभाव, उपकरण सञ्चालनका समस्या, औषधि अभाव, जनशक्ति व्यवस्थापनको कमजोरी र रेफरल प्रणालीको असक्षमताका कारण धेरै बिरामी अझै प्रदेश बाहिर उपचार खोज्न बाध्य छन् । ग्रामीण स्वास्थ्य चौकीहरूको अवस्था अझै सन्तोषजनक छैन । भवन निर्माणलाई उपलब्धि मानिएको छ तर स्वास्थ्य सेवाको गुणस्तर सुधारलाई पर्याप्त प्राथमिकता दिइएको देखिँदैन ।

मधेस प्रदेशमा पूर्वाधार विकासलाई सङ्घीयताको प्रमुख उपलब्धिका रूपमा प्रस्तुत गरिन्छ । प्रत्येक वर्ष सडक, नाला, भवन, खानेपानी र सिँचाइका हजारौँ योजनामा बजेट विनियोजन हुन्छ । तर, विकासको गुणस्तर र प्रभावकारितामाथि प्रश्न उठ्ने क्रम रोकिएको छैन । धेरै सडकहरू निर्माण सम्पन्न भएको केही समयमै बिग्रिने गरेका छन् । साना-साना टुक्रे योजनामा ठुलो बजेट विभाजन गरिएको आरोप सुनिन्छ । दीर्घकालीन रणनीतिक योजनाभन्दा तत्काल राजनीतिक लाभ दिने योजनालाई प्राथमिकता दिइएको जनगुनासो व्यापक छ । जब जनताले एउटै सडक बारम्बार मर्मत भएको देख्छन् तर आफ्नो गाउँको आधारभूत आवश्यकता पूरा भएको देख्दैनन्, तब विकासको उद्देश्यप्रति शङ्का उत्पन्न हुनु स्वाभाविक हुन्छ ।

प्रदेश बजेटको संरचना हेर्दा अर्को महत्त्वपूर्ण प्रश्न उठ्छ । सङ्घीयता लागू भएपछि प्रदेश सरकारहरूलाई विकासका लागि स्रोत दिइएको थियो । तर, बजेटको ठुलो हिस्सा प्रशासनिक खर्च, तलब, भत्ता, सवारी साधन, कार्यालय सञ्चालन र संरचनागत व्यवस्थापनमा खर्च हुने गरेको आलोचना हुँदै आएको छ । विकास खर्च र पुँजीगत खर्चको तुलनामा चालु खर्च उच्च रहनु सङ्घीयताको प्रभावकारितामाथि प्रश्न उठाउने प्रमुख कारणमध्ये एक हो । जब प्रशासनिक संयन्त्र विस्तार हुन्छ तर विकासको प्रतिफल न्यून देखिन्छ तब नागरिकहरू व्यवस्थाको औचित्यमाथि नै प्रश्न गर्न थाल्छन् ।

योजना छनोट प्रक्रिया पनि बहसको विषय बनेको छ । सिद्धान्ततः योजना आवश्यकता, जनसङ्ख्या, विकासको अवस्था र क्षेत्रीय सन्तुलनका आधारमा छनोट हुनुपर्छ । तर, व्यवहारमा राजनीतिक प्रभाव, पहुँच, दलगत दबाब र शक्तिकेन्द्रित निर्णय प्रक्रियाले योजना वितरण प्रभावित गर्ने गरेको आरोप बारम्बार सुनिन्छ । यसले प्रदेश सरकारप्रतिको जनविश्वास कमजोर बनाएको छ । यदि कुनै क्षेत्रमा वर्षौंदेखि अस्पताल, विद्यालय वा सिंचाइको आवश्यकता छ तर बजेट नपुग्ने अवस्था रहन्छ भने त्यही समयमा कम प्राथमिकताका योजनाहरू बजेटमा समावेश हुँदा प्रश्न उठ्नु स्वाभाविक हो ।

उपभोक्ता समिति प्रणाली पनि सङ्घीयतापछि व्यापक रूपमा प्रयोग गरिएको संयन्त्र हो । यसको उद्देश्य स्थानीय जनसहभागिता बढाउनु थियो । तर व्यवहारमा धेरै स्थानमा उपभोक्ता समिति राजनीतिक संरक्षण, भागबन्डा र प्रभावशाली समूहको नियन्त्रणमा पुगेको आरोप सुनिन्छ । गुणस्तर नियन्त्रण कमजोर हुनु, पारदर्शिता अभाव हुनु र सार्वजनिक लेखापरीक्षण प्रभावकारी नहुनुजस्ता समस्याले यो प्रणालीको विश्वसनीयतामाथि प्रश्न खडा गरेको छ ।

मधेस प्रदेशमा भ्रष्टाचार र अनियमिततासम्बन्धी बहस पनि निरन्तर चलिरहेको छ । विभिन्न समयमा सार्वजनिक खरिद, निर्माण कार्य, नियुक्ति प्रक्रिया, अनुदान वितरण र बजेट कार्यान्वयनसँग सम्बन्धित विषयहरू विवादमा आएका छन् । यद्यपि, कुनै पनि आरोपलाई अदालत वा सम्बन्धित निकायको अन्तिम निष्कर्षबिना तथ्यका रूपमा स्वीकार गर्न सकिँदैन, तर यस्ता विवादहरूको पुनरावृत्तिले जनतामा सुशासनप्रतिको विश्वास कमजोर बनाएको छ । लोकतान्त्रिक व्यवस्थामा आरोपभन्दा महत्त्वपूर्ण कुरा पारदर्शी छानबिन र उत्तरदायित्व हो । यदि आरोपहरू गलत छन् भने तथ्यले त्यसलाई खण्डन गर्नुपर्छ; यदि सही छन् भने कानुनी कारबाही हुनुपर्छ ।

प्रदेश सरकारका मन्त्रालयहरूको कार्यसम्पादन पनि गम्भीर समीक्षा आवश्यक विषय बनेको छ । कृषि मन्त्रालयले किसानको जीवनमा कस्तो परिवर्तन ल्यायो ? शिक्षा मन्त्रालयले सिकाइ उपलब्धि कति बढायो ? स्वास्थ्य मन्त्रालयले उपचारको पहुँच कति सुधार्‍यो ? उद्योग मन्त्रालयले कति रोजगारी सिर्जना गर्‍यो ? भौतिक पूर्वाधार मन्त्रालयले निर्माणको गुणस्तर कति सुनिश्चित गर्‍यो ? यस्ता प्रश्नहरूको उत्तर नीतिगत दस्तावेजभन्दा बढी परिणामबाट दिनुपर्छ । लोकतन्त्रमा उपलब्धिको मापन खर्च भएको रकमले होइन, जनताको जीवनमा आएको परिवर्तनले गरिन्छ ।

मधेस प्रदेश प्राकृतिक विपत्तिबाट पनि निरन्तर प्रभावित हुने क्षेत्र हो । प्रत्येक वर्ष बाढी, डुबान र नदी कटानका कारण हजारौँ परिवार प्रभावित हुन्छन् । दशकौँदेखि समस्या दोहोरिए पनि दीर्घकालीन समाधान अझै देखिएको छैन । विपद् व्यवस्थापन प्रायः राहत वितरणमा सीमित भएको आलोचना गरिन्छ । नदी व्यवस्थापन, तटबन्धको गुणस्तर, जलनिकास प्रणाली र क्षेत्रीय समन्वयमा अपेक्षित प्रगति हुन सकेको छैन । यसले प्रदेश सरकारको दीर्घकालीन योजना निर्माण क्षमतामाथि प्रश्न उठाउँछ ।

मधेसमा सामाजिक न्यायको प्रश्न पनि पूर्ण रूपमा समाधान भएको छैन । दलित, महिला, मुस्लिम, भूमिहीन, मजदुर र अन्य सीमान्तकृत समुदायका धेरै समस्या अझै यथावत् छन् । सङ्घीयताको उद्देश्य केवल सत्ता हस्तान्तरण होइन, सामाजिक रूपान्तरण पनि थियो । यदि राजनीतिक प्रतिनिधित्व बढे पनि सामाजिक र आर्थिक असमानता उस्तै रह्यो भने सङ्घीयताको मूल लक्ष्य अधुरै रहनेछ ।

आज मधेस प्रदेशका नागरिकहरू सङ्घीयताको विरोध गरिरहेका छैनन् । उनीहरू आफ्नो अधिकारको प्रतिफल खोजिरहेका छन् । उनीहरू जान्न चाहन्छन् कि सङ्घीयता लागू भएपछि शिक्षा किन अपेक्षित रूपमा सुधार भएन ? स्वास्थ्य सेवा किन अझै कमजोर छ ? कृषि किन सङ्कटमा छ ? बेरोजगारी किन घटेन ? विकासको बजेट खर्च हुँदा पनि जनताको जीवनस्तर किन उल्लेखनीय रूपमा उकासिएन ? यी प्रश्नहरू राजनीतिक विरोधका होइनन्, लोकतान्त्रिक उत्तरदायित्वका प्रश्न हुन् ।

सङ्घीयताको असफलता भन्नु सजिलो हुन्छ तर वास्तविकता त्योभन्दा जटिल छ । सङ्घीयता आफैँमा समस्या होइन । समस्या त्यसको कार्यान्वयन, नेतृत्वको दृष्टिकोण, प्रशासनिक क्षमता, पारदर्शिताको अभाव र परिणाममुखी शासनको कमीमा देखिन्छ । सक्षम नेतृत्व, स्पष्ट नीति, प्रभावकारी प्रशासन र जनउत्तरदायी शासन भए सङ्घीयता विकासको शक्तिशाली माध्यम बन्न सक्छ । तर, यदि प्रदेश सरकारहरू कमिसन, भागबन्डा, पहुँच र राजनीतिक स्वार्थको चक्रमा अल्झिरहे भने सङ्घीयताको नैतिक आधार कमजोर बन्दै जानेछ ।

अन्ततः सङ्घीयताको वास्तविक परीक्षा संविधानका धारामा होइन, मधेसका किसानको खेतमा, बेरोजगार युवाको भविष्यमा, विद्यार्थीको विद्यालयमा, बिरामीको अस्पतालमा र नागरिकको दैनिक जीवनमा हुन्छ । यदि जनताले परिवर्तन महसुस गरे भने सङ्घीयता सफल मानिनेछ । यदि जनताको जीवनमा सुधार आएन भने जति ठुलो बजेट, जति धेरै मन्त्रालय र जति आकर्षक भाषण भए पनि त्यो सफलता प्रमाणित हुन सक्दैन । मधेस आज यही प्रश्नको उत्तर खोजिरहेको छ–सङ्घीयता जनताको लागि थियो कि केवल सत्ता र संरचनाको विस्तारका लागि ? यस प्रश्नको जवाफ अब भाषणले होइन, परिणामले दिनुपर्ने समय आएको छ ।

*(झा नेपाल पत्रकार महासङ्घ रौतहटका पूर्वअध्यक्ष हुन् ।)*

# झापामा घट्दै चैते धानको क्षेत्रफल र उत्पादन

बनियानी (झापा), १३ असार: जिल्लामा पछिल्लो तीन वर्षयता चैते धानको क्षेत्रफल र उत्पादन क्रमशः घट्दै गएको छ । किसानले उचित मूल्य नपाएपछि खेती गर्न छोडेपछि जिल्लामा चैते धानको क्षेत्रफल र उत्पादन क्रमशः घट्दै गएको हो ।

चालु आर्थिक वर्ष २०८२/८३ मा १६ हजार ७५८ हेक्टर क्षेत्रफलमा ८९ हजार ६५५ दशमलव तीन मेट्रिकटन चैते धान उत्पादन भएको कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टले जानकारी दिनुभयो । यो परिमाण गतवर्षको तुलनामा सात हजार ४७८ दशमलव सात मेट्रिकटन कम हो ।

आर्थिक वर्ष २०८१/८२ मा १९ हजार ९५० हेक्टरमा एक लाख छ हजार १३४ मेट्रिकटन चैते धान उत्पादन भएको थियो भने आर्थिक वर्ष २०८०/८१ मा १९ हजार ८५० हेक्टरमा एक लाख चार हजार १४ मेट्रिकटन धान उत्पादन भएको थियो ।

जिल्लामा धानखेतीको क्षेत्रफल र उत्पादन घटे पनि उत्पादकत्व भने बढिरहेको छ । आव २०८०/८१ मा चैते धानको उत्पादकत्व पाँच दशमलव २४ थियो । आव २०८१/८२ मा पाँच दशमलव ३२ पुगेको थियो भने चाल आवमा पाँच दशमलव ३५ पुगेको कार्यालयले कृषि ज्ञान केन्द्रले जनाएको छ ।

**विकल्प खोज्दै किसान**

मुलुकलाई चामलमा आत्मनिर्भर बनाउने सरकारी योजनामा मुख्य कडी मानिएको चैते धानको उचित मूल्य नपाएपछि किसानले विकल्प खोज्न थालेका छन् । उत्पादकत्वमा केही सुधार देखिए पनि उचित बजार मूल्य र सरकारी खरिद नीतिको अभावका कारण कृषकहरू चैते धानको विकल्प खोज्न थालेका हुन् । उचित मूल्य नपाएपछि अधिकांश किसान धानखेती छाडेर मकै तथा अन्य बालीतर्फ मोडिएका छन् । आव २०८२/८३ मा जिल्लामा ४६ हजार १२५ हेक्टरमा गरिएको मकैखेती गरिएको थियो । जसमा दुई लाख ८३ हजार १८७ दशमलव ८८ मेट्रिकटन उत्पादन भएको थियो ।

गत आव २०८१/८२ मा ४४ हजार ६२० हेक्टरमा तीन लाख ५१ हजार ४२६ दशमलव ४५ मेट्रिकटन मकै उत्पादन भएको थियो । यस पटक वर्षाका कारण मकै उत्पादनमा कमी आए पनि उत्पादकत्व सात दशमलव ८८ बाट वृद्धि भई सात दशमलव ८९ पुगेको केन्द्रका प्रमुख विष्टले जानकारी दिनुभयो ।

धान सुपरजोन कचनकवलकी किसान पुष्पा रिमालले चैते धानको मूल्य नपाउँदा कृषक मकैखेतीतर्फ आकर्षित भएका बताउनुभयो । "धानको मूल्य नै नपाएपछि मकैखेती गरेँ", उहाँले भन्नुभयो, "मकैको मूल्य राम्रो भए पनि यस वर्ष वर्षाले नोक्सान गर्‍यो ।"

**लागत नउठ्ने मूल्य**

किसानले रु. ६०० देखि ६५० प्रतिमन (४० किलो) मा चैते धान बिक्री गरिरहेका कृषि ज्ञान केन्द्रका प्रमुख विष्टले जानकारी दिनुभयो । "यो मूल्यले किसानको लागत नै उठ्दैन", उहाँले भन्नुभयो, "अनि किसानले कसरी खेती गर्ने, हामीले उहाँहरूलाई खेती गर्न दबाब पनि दिन सक्दैनौँ ।"

सरकारले चालु आर्थिक वर्षका लागि चैते धानको मूल्य प्रतिक्विन्टल दुई हजार ८५६ रुपैयाँ ४९ पैसा तोकिएको थियो । जुन गतवर्षको तुलनामा ५५ रुपैयाँ आठ पैसाले बढी हो । गत साउनमा सरकारले चालु आवका लागि वर्षे धानको न्यूनतम समर्थन मूल्य तोकेको थियो । सरकारले मोटा धानको समर्थन मूल्य प्रतिक्विन्टल रु. तीन हजार ४६३ र मध्यम धानको रु. तीन हजार ६२८ निर्धारण गरेको थियो । चैते धानको न्यूनतम समर्थन मूल्यअनुसार प्रतिमन धानको मूल्य रु. एक हजार १४२ दशमलव चार हुन्छ । किसानले रु. ६०० देखि रु. ६५० पाइरहेका छन् ।

**सरकारी नीति कागजमै सीमित**

सरकारले चैते धानको क्षेत्रफल विस्तार गर्ने नीति लिए पनि व्यावहारिक रूपमा सरकारी संयन्त्रबाट धान खरिद गर्ने वा समर्थन मूल्य कार्यान्वयन गराउने कुनै स्पष्ट र प्रभावकारी व्यवस्था नरहेको कृषि ज्ञान केन्द्रका प्रमुख विष्टले बताउनुभयो । "बजार पूर्णरूपमा निजी व्यवसायीहरूको नियन्त्रणमा रहँदा किसानहरू मारमा परेका छन्", उहाँले भन्नुभयो, "किसानलाई उत्पादनमा प्रोत्साहन गरेर मात्र हुँदै बजार सुनिश्चित हुनुपर्छ ।"

"वर्षे धानको क्षेत्रफल बढाउने ठाउँ हाम्रो देशमा अब बाँकी छैन, त्यसैले चामलमा आत्मनिर्भर हुनका लागि चैते धानकै क्षेत्रफल र उत्पादन बढाउनुको विकल्प छैन", उहाँले भन्नुभयो, "यदि सरकारले न्यूनतम समर्थन मूल्यमा किसानको धान आफैँ खरिद गरिदिने वा बजार मूल्य सुरक्षित गर्ने ग्यारेन्टी गर्दैन भने चैते धानको खेती अझै घट्दै जानेछ, जसले मुलुकमा गम्भीर खाद्य सङ्कट निम्त्याउन सक्छ ।"

घाटाको व्यापार गरेर कृषकले सधैँ खेती गरिरहन नसक्ने हुँदा सरकारले बेलैमा खरिद रणनीति र यान्त्रीकरणलाई प्रभावकारी रूपमा अघि बढाउनुपर्नेमा उहाँले जोड दिनुभयो । रासस

# भैल प्याखंका गुरु, वाद्यवादक, नृत्य कलाकार तथा सहयोगीहरूलाई सम्मान तथा प्रमाणपत्र वितरण

भक्तपुर, १३ असार । तुछिमला युवा समूहको आयोजनामा २०८३ को अवसरमा तुछिमला भैल प्याखंका गुरु, वाद्यवादक, नृत्य कलाकार तथा सहयोगीहरूलाई सम्मान तथा प्रमाणपत्र वितरण कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले ६ सय वर्ष पुरानो ऐतिहासिक भैल प्याख: जोगाई हालसम्म निरन्तरता दिनु नै तुछिमला युवा समूहको महत्त्वपूर्ण उपलब्धि भएको चर्चा गर्दै यस्तो सराहनीय र गौरवपूर्ण कार्य गर्ने तुछिमला युवा समूहका साथीहरू, गुरु, वाद्यवादक, नृत्य कलाकार तथा सहयोगीहरू धन्यवादका पात्र भएको बताउनुभयो । उहाँले सांस्कृतिक मूल्य र मान्यता, चलन, संस्कार र सम्पदा हाम्रो नेवार समुदायको अमूल्य सम्पत्ति भएको हुँदा यसको संरक्षण गर्नु हरेक नागरिकको कर्तव्य हो भन्नुभयो । नेपाल मजदुर किसान पार्टीको नीति पनि कला, संस्कृति र सम्पदा जोगाउनु रहेको चर्चा गर्दै उहाँले नेमकिपाका अध्यक्ष बिजुक्छेँले भक्तपुरको कला संस्कृति जोगाउनकै लागि 'सय वर्षपछिको भक्तपुर' पुस्तक प्रकाशन गरेको चर्चा गर्नुभयो ।

हाम्रा पुर्खाको कला, संस्कृति र सम्पदालाई आज जोगाउने जिम्मा हाम्रो काँधमा आएको बताउँदै उहाँले यस्तो कार्यमा लाग्ने तुछिमलावासी दाजुभाइ, दिदीबहिनी धन्यवादका पात्र छन् भन्नुभयो ।

उहाँले इतिहासबाट पाठ सिकेर देशको सम्पत्ति जोगाउनु अत्यन्त महत्त्वपूर्ण भएको बताउनुभयो ।

नेपालभाषा नयाँ पुस्ताले बिर्सँदै गएकोमा चिन्ता व्यक्त गर्दै उहाँले हरेक नेवारले नेपालभाषा बोल्नुपर्छ, आफ्नो भाषा बिर्सने नेवारले आफ्नो पहिचान र राष्ट्रियता पनि बिर्सने हुँदा यसतर्फ ध्यान दिनुपर्छ भन्नुभयो ।

भनपा वडा नं. ६ का वडाध्यक्ष डा. हरिराम सुवालले भक्तपुर नगरपालिकाले पेस गरेको आ.व. २०८३।०८४ को चर्चा गर्दै नगरपालिकाले भक्तपुर नगरवासीहरूको लागि शिक्षामा २१ प्रतिशत र स्वास्थ्यमा १३ प्रतिशत बजेट विनियोजन गरेर नगरवासीहरूको शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेको चर्चा गर्नुभयो ।

नगरपालिकाले शैक्षिक ऋण दिने कार्यविधि तेस्रो पटक संशोधन गर्दै शैक्षिक ऋण पाँच लाखबाट बढाएर सात लाख र ब्याज दर परिमार्जित गर्दै ४ प्रतिशत पुऱ्याएको उहाँले बताउनुभयो ।

ख्वप अस्पतालमा एमआरआई राख्ने र नगरवासीहरूलाई अक्सिजन, रगत र शववाहनको नि:शुल्क सेवालाई निरन्तरता दिएको उहाँले बताउनुभयो । नगरवासीहरूको लागि खानेपानीको अभाव हुन नदिन केयूकेएलसँग आवश्यक समन्वय गरी पाइप जडान कार्य भइरहेको पनि उहाँले बताउनुभयो ।

भनपा वडा नं. ६ का वडा सदस्य सिद्धिराम अवालले निकट भविष्यमै आदर निकेतन ६ वडामा सञ्चालन हुन गइरहेको चर्चा गर्दै आदर निकेतन ज्येष्ठ नागरिकहरूलाई आदरपूर्वक राख्न नगरपालिकाले बनाएको बताउनुभयो ।

कार्यक्रममा वल्ड नेवार अर्गनाइजेसन वाग्मती प्रदेश सहसंयोजक तथा नेप इन्भेन्ट इन्टरटेन्मेन्ट, हेटौंडाका सल्लाहकार शर्मिला श्रेष्ठले हेटौंडामा तुछिमला युवा समूहले प्रस्तुत गरेको भैल प्याख:ले युवाहरू कला संस्कृतितर्फ उत्सुक भएको बताउँदै भक्तपुरमा जस्तै हेटौंडामा पनि नेवार कला, संस्कृति र सम्पदाहरू जोगाउन प्रयास भइरहेको बताउनुभयो ।

कार्यक्रममा अतिथिहरू सुरेन्द्रराज गोसाई, हरिराम सुवाल र वडा सदस्य सिद्धिराम अवाललगायतले भैल प्यांखका गुरु, कलाकार, वाद्यवादक तथा सहयोगीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो । जुजुभाइ अवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा साजन छावाले स्वागत मन्तव्य दिनुभएको थियो ।

# विदेशी पुतलीहरूको खेल हो वा शासक दलकै महाधिवेशन ?

काठमाडौँ, १३ असार । वर्षौं वर्षौंसम्म विदेशी रकमले गैरसरकारी संस्थाहरू खोल्न दिएर समानान्तर बजेट खर्च गर्न 'प्रजातान्त्रिक', 'समाजवादी' र 'कम्युनिस्ट' शासक दलहरूले छुट दिए । विदेशी 'एनजीओ' हरूबाटै पराजय भोगेका शासक दलहरूले आत्मश्लाघा र देशी र विदेशी पुँजीबाट निर्वाचनमा जनचेतनालाई कुण्ठित बनाउँदै अहङ्कारमाथि अहङ्कार नै आफ्नो पहिचान बनाए । २०८२ साल भदौ २३ र २४ गते भएको देशव्यापी आतङ्कबाट सातो गएका सत्तारुढ दलका कार्यकर्ताहरूको अहिले पनि होश खुलेको छैन । अन्य देशभक्त र परिवर्तनवादी दलहरूलाई भाँड्दै र टुक्र्याउँदै आफूमा मिलाउने सिजरका ब्रुट्सहरूजस्ता महत्त्वाकाङ्क्षी देशका कपुतहरू ओछ्यानबाट उठेकै छैनन् ।

यस्तै ब्रुट्सहरू नै मिलेर विदेशको तारतम्यबाट तयार भएका 'राष्ट्रिय स्वतन्त्र पार्टी' (रास्वपा) को प्रथम महाधिवेशनमा 'नेता नै असन्तुष्ट', कति 'प्रतिनिधि भोटै नहाली' हिँडेको १२ असार २०८३ को 'अन्नपूर्ण' ले खुलासा गऱ्यो । 'पहिलो गाँसमै ढिँङ्गा' भनेको यही हो कि ?

यो प्रथम महाधिवेशनको उदेकलाग्दो विषय त एउटा राजनीतिक दलको कार्यकर्ता र विश्वासपात्र ठानिएका पार्टीको निर्वाचन घोषणापत्र लेख्ने 'बुद्धिजीवी' ले आफूलाई सांसदको उम्मेदवार नबनाइएकोमा अर्को पार्टीको उम्मेदवार बनेर 'राजनीतिक नैतिकताप्रतिको विश्वासघातको एक उदाहरण' बनेका 'वाग्ले' भन्ने व्यक्तिले यसै महाधिवेशनमा सर्वाधिक मत प्राप्त गरे ।

त्यस निर्वाचनको निष्पक्षता र धाँधलीरहित स्वच्छताको प्रमाण भने 'प्रतिनिधि भोटै नहाली हिँडे', 'महाधिवेशन भद्रगोल भएको भन्दै प्रतिनिधि र नेताहरूकै गुनासो', 'निर्वाचन दर्ता' (नयाँ पत्रिका-१२ असार २०८३) बाट प्रस्ट हुन्छ । वर्तमान सरकारको अर्थमन्त्रीको बजेटलाई २५ जेठ २०८३ को 'कान्तिपुर' को एक टिप्पणी 'कर्णप्रिय' बजेटमा अप्रत्यक्ष करको भारी' मार्फत तासको घरजस्तै भत्काइएको छ । अयोग्य व्यक्तिको बजेटले देशको होइन विदेशीको सेवा हुन्छ ।

## रास्वपा महाधिवेशनमा सहभागीको भनाइ

- हामीले पुराना दल (नेका, एमाले, माओवादी, नेकपा, राप्रपा) बाट केही हुँदैन भनेर गाउँ गाउँमा अभियान चलाउँदै हिड्यौं, अहिले पुरानाकै शैलीमा हाम्रो पार्टी छ । यही अवस्था हो भने अब गाउँमा हामीलाई उल्टै प्रश्न गर्न थाल्छन् !
  - *प्रकाश थापा, तनहुँ*
- धेरै साथीहरू महाधिवेशन नसकिँदै फर्के । - *दिलिप वाग्ले, दैलेख*
- सभापति लामिछाने, उपसभापति वाग्ले, महामन्त्री बुर्लाकोटीलगायतले बन्दसत्रमा प्रतिवेदन पे गरे पनि छलफल नगराई पारित गराइए ।
  - *जनकराज जोशी, दार्चुला*
- निर्वाचन सम्पन्न हुँदासम्म पनि महाधिवेशन प्रतिनिधि को को हुन् भन्नेमै अन्योल रह्यो । विधि र विधान मिचियो । नो भोट पार्टीमा लागु गरिएन ।
  - *भरतप्रसाद पनेरू, बाँके*

# सामुदायिक वनमा 'सिमेन्ट' का संरचना नबनाउन आग्रह

काठमाडौँ, १३ असार । गोकर्णेश्वर नगरपालिका-४ यज्ञडोल (जगडोल) सामुदायिक वन क्षेत्रमा सिमेन्टका संरचना निर्माण नगर्न स्थानीयले आग्रह गरेका छन् ।

प्रदेश सरकारका विभिन्न निकायले आर्थिक वर्षको अन्त्यमा राष्ट्रिय सहिद तथा शान्ति पार्क र निजामती स्मारक निर्माणाधीन वन क्षेत्रमा एकाएक धेरै सिमेन्टका संरचना निर्माण गर्न थालेपछि स्थानीयले त्यसको विरोध गर्दै निर्माण रोक्न आग्रह गरेका हुन् ।

गोकर्णेश्वर नगरपालिकाले पनि उद्यान क्षेत्रमा सिमेन्टका संरचना जथाभावी निर्माण नगर्न पत्राचार गरेको थियो

मन्त्रिपरिषद्ले २०६४ जेठ ११ गते गोकर्णमा राष्ट्रिय सहिद पार्क तथा निजामती स्मारक निर्माण गर्ने निर्णय गरेको थियो । हाल सहरी विकास तथा भवन निर्माण विभागअन्तर्गत यो पार्क निर्माणाधीन छ ।

*सिंहावलोकन...*

जात जाति र धर्म राम्रा विषय हुन् तर पक्षपात वा विभेदले सबभन्दा ठूलो विषालु परिणाम भोग्नुपर्ने हुन्छ । युरोपमा मध्यपूर्व र पूर्वी एसियामा पनि धर्मयुद्धले धेरै जनधनको क्षति भयो । अझ पनि धर्मयुद्धले र जातीय भेदले क्षति हुने सम्भावना छ । हाम्रो शरीरभित्रै हाम्रा रोग छन् । विकार बाहिर खोज्नुपर्दैन ।

सभ्यता र धर्मको अर्थ नै सहिष्णुता र समानताको भावना हो । हाम्रा शासक दलहरूमा सभ्यता र समानताको अभावकै कारण देश झन्झन् तल झर्दै छ र अरुले खेलाउँदै छन् ।

# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप - ३८

**आन्दोलनमा संलग्न सहयोगी ऋषि थापाको कागज व्यहोरा**

म पनि जेनजेड पुस्तामा पर्ने हुँदा रक्षा बमको समूहमा आबद्ध भई सामाजिक सञ्जालमार्फत आन्दोलनको आह्वान गरिरहेको थिएँ । आन्दोलनको लागि मैले 'पृथ्वी सुब्बा गुरुङ कमिसनको बाटो, जनताको भविष्य कहिले खोल्ने गाँठो', 'रमेश लेखक मान्छे बेच्ने काम, जनताको अधिकार भयो बदनाम', 'युवा अघि बढ्छ, देश अघि सर्छ, भ्रष्टाचारी ढल्छ', 'साहस नभए स्वतन्त्रता आउँदैन, सङ्घर्ष नगरे विजय पाउँदैन', 'जनताको पसिना देउवाको खानामा, जयवीर हर्कियो लुटको दानामा' जस्ता नारा तयार गरी २०८२ भदौ २२ गते राति भाइबरमार्फत आदित्य कर्ण नामको साथीलाई पठाएँ ।

२०८२ भदौ २३ गते म अन्दाजी ११:३० बजे बानेश्वर चोकमा पुगेको थिएँ । त्यहाँ छिरिङ तामाङ र म माइतीघरतर्फ बानेश्वर सडकको लेन हुँदै अगाडि बढ्यौँ । प्रदर्शनकारीहरूले ब्यारिकेड तोडी अगाडि बढिसकेका रहेछन् । हामी सोही भिडमा सहभागी भई संसद् भवन बानेश्वरको दक्षिणगेटमा पुग्यौँ । प्रदर्शनकारीहरूलाई This is not our Motive, Please Sit-down भन्दै संसद् भवनको गेटअगाडि बसाल्यौँ र Youth against Corruption को व्यानर राखी 'रातो र चन्द्र सूर्य' बोलको गीत गाउन थाल्यौँ ।

भिड बढ्दै गएपछि एकजना यादव थरका प्रदर्शनकारी दक्षिण गेटको दाहिनेतर्फ चढे । निजलाई पछ्याउँदै अन्य १०/१५ जना साथीहरू पनि चढे । प्रदर्शनकारीहरूले दक्षिणगेटको बायाँतर्फ लगाएको सिसासमेत फुटाई दिए । सुरक्षाकर्मीबाट अश्रुग्याँसका साथै रबरका गोली समेत फायर हुन थाल्यो । प्रदर्शनकारीहरूलाई कम्मरभन्दा माथि टाउकोसम्मको भागमा गोली लाग्न थाल्यो ।

घटनास्थलमा गोलीले हातबाट मासु नै छुट्टिई हड्डीमात्र देखिएको, गोलीले पेटमा प्वाल पारेर करङसमेत देखिएको, कसैको खुट्टाको तल्लो भागमा मासु नै छुट्टिएको, एकजनाको दाहिने आँखाबाट गोलीले छेडेर गएको, कसैको घुँडामा गोली लागेर तल्लो भाग लत्रिएको, एकजनाको गोलीले टाउको नै फुटेको, २ जनाको घाँटीमा गोलीले छेडेकोलगायतका करिब २०/२२ जना घाइतेलाई अस्पतालतर्फ पठाएको थिएँ । साँझको करिब १८:०० बजे मेरो दाइ नाताका रोशन थापासँग भेट भएपछि निजकै मोटरसाइकलमा म घर गएको हुँ ।

भदौ २३ र २४ गतेको घटनाका नेतृत्वकर्ताको रूपमा हामी नेपालका सुधन गुरुङको ग्रुप, रक्षा बमको ग्रुप मुख्य रूपमा थिए, अन्य जेनजेड ग्रुप आन्दोलनपछि खडा भएका हुन् ।

भदौ २३ गते संसद् भवन वरिपरि रहेका सडकमा एकाएक TOB लेखिएको ज्याकेट लगाएका, मुर्कुट्टा भएको कालो झन्डा बोकी बुलेट बाइकमा आएका प्रदर्शनकारीहरूको उपस्थितिले भिडमा उत्तेजना थपेको जस्तो लाग्छ । निजहरूको उपस्थितिले भिडमा घुसपैठ भएजस्तो लाग्छ । भदौ २४ गतेको आन्दोलनमा व्यवस्था (लोकतन्त्र) विरोधी समूहहरूले देशमा अराजकता फैलाउन घुसपैठ गरी गलत अवसर छोपेको जस्तो लाग्छ ।

**पुरुषोत्तम सुभप्रभात यादवको कागज व्यहोरा**

भदौ २३ गते भ्रष्टाचारविरुद्ध शान्तिपूर्ण प्रदर्शन गर्नको निम्ति म र सबल गौतमले जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट लिखित अनुमति माग गरेका थियौँ । सुधन गुरुङ, खेमराज साउदलगायतसँग मेरो पूर्व चिनजान र सो विषयमा कुनै सर-सल्लाह भएको थिएन ।

२०८२ भदौ २३ गते बिहान अन्दाजी ८:०० बजे माइतीघरमा करिब ४०/५० जनाको उपस्थिति थियो । सोही कार्यक्रममा सुधन गुरुङ र बब्लु गुप्तालगायतसँग चिनाजानी भएको हो । कार्यक्रम कसरी गर्ने, के गर्ने भन्नेबारे केही योजना थिएन । प्रदर्शनमा Wake Up Nepal, Stop Corruption, Say no to Corruption लगायतका प्लेकार्ड बोकेका थियौँ । 'ओली तेरो पाराले, दु:ख पाए साराले' नारा लगाउँदै शान्तिपूर्ण आन्दोलन भइरहेको थियो । एभरेस्ट होटलअगाडि निषेधित क्षेत्रमा प्रदर्शनकारीहरूसँग सामान्य ठेलाठेल हुँदै प्रहरीले सो स्थान छाडेर ब्याक भए ।

भिड नियन्त्रण बाहिर गएपछि म र के.पी. खनाल रैलीबाट पछाडि हटी नजिकै रहेको एउटा कलेजको भवनभित्र बसेका हौं । केहीबेरमा जथाभावी गोली चलेको आवाज सुनियो । त्यसपछि मैले नै प्रेस विज्ञप्ति जारी गरी 'शान्तिपूर्ण प्रदर्शनमा घुसपैठ भयो, अब आन्दोलन छाडेर सबैजना घर फर्कनुहोस्' भनी सामाजिक सञ्जालबाट आह्वान गरेको हुँ ।

भोलिपल्ट अन्दाजी १२/१ बजे हामी दुवै जना थापागाउँमा रहेको एकजना दाइको डेरामा गई बसेका हौँ । उक्त दिनको आन्दोलनमा हामीहरूको कुनै सहभागिता भएको होइन । भदौ २३ र २४ गते हाम्रो शान्तिपूर्ण आन्दोलनमा स्वार्थ समूहका व्यक्तिहरूको घुसपैठ भएर उक्त घटना घटेको जस्तो लाग्छ ।

**नेपाल ल क्याम्पसका पूर्वस्ववियु सभापति विष्णु ढुङ्गेलको कागज व्यहोरा**

२०८२ भदौ २३ र २४ गते जेनजी आन्दोलनमा मैले बोलेको भिडियोको अंशलाई युट्युबरहरूले अतिरञ्जित र भ्रामक रूपमा प्रचार गरे । सोही भिडियोको आधारमा मलाई २०८२ मङ्सिर १० गते पक्राउ गरी १८ दिनसम्म हिरासतमा राखेपछि २०८२ मङ्सिर २८ मा हाजिर जमानीमा छोडेका हुन् । मैले न्यायालयमा रहेको भ्रष्टाचारको सन्दर्भमा व्यक्त गरेको विचारलाई अदालतमा भएको आगजनीसँग जोडेर प्रचार गरियो ।

# युरोपमा शनिबार १९ करोड ३० लाख मानिस उच्च तापक्रमबाट प्रभावित

पेरिस, १२ असार (एएफपी) । युरोपका विभिन्न भागमा शनिबार कम्तीमा १९ करोड ३० लाख मानिसले ३५ डिग्री सेल्सियसभन्दा माथिको तापक्रमको सामना गर्नुपर्ने अनुमान गरिएको छ ।

जर्मनीमा मात्र करिब ७ करोड ५० लाख व्यक्ति उच्च तापक्रमका कारण प्रभावित भएका थिए ।

एएफपीले प्राप्त गरेको तथ्याङ्को विश्लेषणअनुसार उष्ण लहर पूर्वतर्फ सर्दै गरेकाले यो सङ्ख्या शुक्रबारको तुलनामा बढेको अनुमान गरिएको छ ।

टर्कीबाहेकका युरोपमा शनिबार ४० करोड ४० लाखभन्दा बढी मानिसले ३० डिग्री सेल्सियसभन्दा माथिको अधिकतम तापक्रमको सामना गर्नेछन्, जुन शुक्रबारको तुलनामा केही कम हो ।

जर्मन मौसम विज्ञान सेवाको पूर्वानुमान र संयुक्त अनुसन्धान केन्द्रको सन् २०२५ जनसङ्ख्या प्रक्षेपणमा आधारित एएफपीको यो विश्लेषण अस्ट्रियन एनजीओ 'क्लिमाड्यासबोर्ड' को तथ्याङ्कसँग मिल्दोजुल्दो छ ।

*व्यक्तिका...*

शिक्षा क्षेत्रमा उहाँले छोडेको छाप दीर्घकालसम्म स्मरणीय रहने बताउनुभयो । जीवनमा नाम र पहिचान छोड्ने गरी काम गर्नु नै साँचो सफलता भएको उल्लेख गर्दै उहाँले बाबा सरको शैक्षिक यात्रा नयाँ पुस्ताका लागि प्रेरणाको स्रोत रहेको धारणा व्यक्त गर्नुभयो ।

पूर्वशिक्षक सूर्य राईले बाबा सरसँगको आफ्नो सहकार्य र शिक्षाप्रतिको समर्पणबारे चर्चा गर्नुभयो ।

सरस पाठशालाका निर्देशक इन्द्रप्रसाद खाइतुले विद्यालयमा बाबा सरको योगदान, शिक्षण अनुभव तथा पुस्तकको विशेषताबारे प्रकाश पानुभयो ।

कार्यक्रममा विद्यालयका अङ्ग्रेजी शिक्षिका दिप्ती थापाले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा विद्यालयका प्रिन्सिपल प्रदीप क्षेत्रीले धन्यवाद ज्ञापन गर्नुभयो ।


## हार्दिक समवेदना



जन्म २०१४/०६/१३ — निधन २०८३/०३/११

हाम्रा आत्मीय मित्र राधेश्याम लाखाका पूजनीय पिता आशकुमार लाखाको दु:खद निधन भएको आज चौथो दिन (लक्ख) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

साथीहरू

| | | |
|---|---|---|
| कृष्णप्रसाद दुमरु | राजु मारिखु | रामसुन्दर कवाँ |
| रामशंकर ह्यौमिखा | कृष्ण सुवाल | लक्ष्मीनारायण तुकंबन्जार |
| विश्वनाथ प्रधानाङ्ग | विश्वराम दुमरु | राकेश जती |
| | विनोदकुमार मानन्धर | |


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा